मजदुर विज्ञापन शाखा
नगांचा-१०, भक्तपुर, फोन नं. ९७८८८२८८८६५
विज्ञापनको लागि सूचना
सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
भाइबर नं. : ९७८८८२८८८६५
Gmail : majdurdailybigyapan@gmail.com
मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

मजदुर
The Worker Daily दैनिक
Website : www.onlinemajdoor.com

विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २८ ★ अङ्क : १८८ ★ ने. सं. ११४६ दिला गा, प्रतिपदा ★ बिहीबार ★ १४ साउन, २०८३ ★ July 30, 2026, Thursday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८

विजयको ७३ औँ वार्षिकोत्सव तथा पितृभूमि मुक्ति युद्धमा लडेका सैनिकहरूको सम्मानमा परेड

प्योङयाङ, १३ साउन (केसीएनए) । प्रजातान्त्रिक जनगणतन्त्र कोरियामा गणतन्त्रका प्रथम रक्षकहरूले पृथ्वीका जनताको महाशक्तिको रूपमा उभ्याउने वीर कोरियाको अमर सम्मान र गौरवको महिमा गर्न ठुलो महत्त्वका नयाँ विजय हासिल गरेको उच्च गौरवका साथ युद्धविजयको महान् पर्वको शुभकामना दिनको लागि सिङ्गो देश हर्ष र उत्साहले भरिएको छ ।

पितृभूमि युद्ध विजयको ७३ औँ वार्षिकोत्सवको अवसरमा मुक्ति युद्धमा लडेका युनिटहरूको प्रतीकात्मक स्तम्भहरूको सम्मानमा औपचारिक परेड जुलाई २७ को साँझ प्रजग कोरियाको राजधानी सहर प्योङयाङमा आयोजना गरियो, जसमा कोरियाली क्रान्तिको रगतको रूपमा दृढतापूर्वक अगाडि बढेको विजयको परम्परालाई देखाउने ऐतिहासिक दृश्य शताब्दीपछि प्रदर्शित भयो ।

प्योङयाङ इन्डोर स्टेडियम अगाडिको प्लाजा र यसको वरपर दुई वर्ष पुरानो राज्य, एउटा नवजात देशले एउटा झोलामा राखेर जितेको अभूतपूर्व विजय र साम्राज्यवादी सहयोगी शक्तिहरूविरुद्ध दुई वर्ष पुरानो सेनाले जितेको ठुलो गर्वका साथ भेला भएका नागरिकहरूको घुइँचो थियो ।

क्रान्तिकारी सेनाको जीवन्त गीतको धुनमा, युद्धको समयमा सिपाहीँहरू लगाएको जस्तै सैन्य पोशाकमा परेडरहरूका स्तम्भहरू र हातमा हात-हात लडाइँका निशानहरू स्पष्ट रूपमा देखाउने राइफल युनिटहरू प्लाजामा प्रवेश गरे ।

परेडअघि, संयुक्त सैन्य ब्यान्डले जुछे कोरियाको वीर पाठ्यक्रम चित्रण गऱ्यो जसले रङ्गीन संरचना परिवर्तन र हल्का लयबद्ध आन्दोलनहरूमार्फत जुलाई २७ को महिमामा दृढतापूर्वक रक्षा र चमक थपेको थियो ।

कोरियाली मजदुर पार्टीका महासचिव र प्रजातान्त्रिक जन गणतन्त्र कोरियाको राज्य मामिलाका अध्यक्ष किम जोङ उन मञ्चमा देखा पर्दा सहभागीहरूले 'हुर्रा' को तुफानी जयजयकार गरे र राजधानीमा आकाशमा भव्य आतिशबाजी प्रदर्शन गरिएको थियो ।

नेता किम जोङ उनले उत्साहजनक हर्षोल्लास गर्ने सहभागीहरूलाई न्यानो अभिवादन फर्काउनुभयो ।

पार्टी, सरकार र सशस्त्र सेनाका अङ्गहरूका प्रमुख अधिकारीहरू र कोरियाली जन सेनाका ठुला संयुक्त एकाइका कमान्डरहरू युद्धका दिग्गजहरूसँगै मञ्चमा बसेका थिए ।

आमन्त्रित अतिथिहरूमा प्रजग कोरियाका निम्ति जनवादी गणतन्त्र चीन र रसियाली महासङ्घलगायत विभिन्न देशका राजदूतहरू र कूटनीतिज्ञहरू रहनुभएको थियो ।

सभाघरमा युद्धका दिग्गजहरू, युद्धकालका योग्यता भएका व्यक्तिहरू, पार्टी केन्द्रीय समितिका पदाधिकारीहरू, मन्त्रालय र राष्ट्रिय संस्थाका उच्च अधिकारीहरू, कोरियाली जन सेनाका सेवा कर्मचारीहरू, विजयी युद्धसँग सम्बन्धित क्रान्तिकारी अवशेषहरूको व्यवस्थापनमा संलग्न अधिकारी र व्याख्याताहरू, युद्ध वीरहरूका वंशजहरू र क्रान्तिकारी विद्यालयका विद्यार्थीहरू र अन्य विद्यार्थीसहित प्योङयाङका नागरिकहरूको उपस्थिति थियो ।

विरोध प्रदर्शन, तोडफोड, हडताल र लापरबाहीले देश असुरक्षित

काठमाडौँ, १३ साउन । सत्तारुढ दल रास्वपाले सरकार कसरी हाँक्दै छ र देश कतातर्फ जाँदै छ भन्ने कुरा हरेक दिनझैँ देशको विभिन्न ठाउँमा भइरहेको विरोध प्रदर्शनले ज्ञात हुन्छ । सरकारप्रति जनताको असन्तोष बढ्नुको अर्थ सरकारले देशको नेतृत्व या देश सञ्चालन चित्तबुझ्दो ढङ्गले गर्न नसकेको सङ्केत गर्छ । साउन १३ गते प्रकाशित 'नयाँ पत्रिका' मा 'माइतीघर, जहाँ आन्दोलित छन् १७ समूह', 'चिकित्सकको हडतालले देशभरका अस्पतालमा ओपीडी ठप्प', 'उत्तरपुस्तिका परीक्षणमा बोर्डको लापरबाही : पुनर्योगले सच्यायो कक्षा १२ का ७४७ ननग्रेडेड विद्यार्थीको नतिजा', 'भरियो अख्तियारको हिरासत', '१० हजारदेखि १ करोडसम्म घुस', 'सवारी चालकदेखि भेटेरिनरी चिकित्सकसमेतलाई हिरासतमा लिएर अनुसन्धान गर्दै अख्तियार' जस्ता शीर्षकले देशको स्थिति कस्तो रहेछ भन्ने देखाउँछ ।

कहीं कर्फ्यु छ भने कहीं सद्भाव ञ्याली छ । कतै भाला, लठी बोक्दै विरोध प्रदर्शन हुँदै छ भने कहीं आगजनी र तोडफोड त कहीं प्रदर्शनकारीलाई लखेट्दै लाठीचार्ज गरेर दमन गरिरहेको देखिन्छ । सुनसरीमा अहिले पनि अशान्तै छ । सरकारले संयमता अपनाउन आग्रह गरेको छ भने सत्तारुढ दल रास्वपाले देशको समसामयिक विषयमा छलफल गर्न सर्वदलीय बैठक बोलाएको छ । चिकित्सकहरू हडतालमा छन् । हडतालको कारण ३ लाखभन्दा बढी बिरामी उपचारबाट वञ्चित भएको खबर प्रकाशमा आयो । प्रत्येक साता दुईदेखि तीन चिकित्सकमाथि कुटपिट तथा गालीगलौज तथा ज्यान मार्ने धम्कीका घटना भइरहेको खबर पनि सञ्चार माध्यममा आइरहेको छ । चिकित्सक आन्दोलित भएकोले बहिरङ्ग सेवा बन्द छ; स्वास्थ्योपचार प्रभावित छ । चिकित्सकहरू उपचार सेवा ठप्प पारेर आन्दोलनमा मात्र उत्रेका होइनन्; नारायणी अस्पतालमा कार्यरत ८५ जना चिकित्सकमध्ये ७१ जनाले सामूहिक रूपमा राजीनामा गरेको खबर पनि छापिएको छ ।

चिकित्सकहरू सामूहिक राजीनामा र हडताल गर्न किन बाध्य भए ? राजीनामा र हडतालले बिरामीको स्थिति के होला ? यसबारे छानबिन समिति गठन गरेर के समस्याको जड निस्किएला ? कक्षा १२ का विद्यार्थीको कापी परीक्षणमा कसरी लापरबाही भयो र सयौँ जनाको अङ्क हेरफेर भयो ? कति सरकारी कार्यालयमा घुसबिना काम हुँदैनथ्यो । घुसबिना काम नगर्ने प्रवृत्ति हिजोझैँ आज पनि हटेको छैन । घुसको लेनदेन दालभात खानुसरि भएको छ । नयाँ सरकार गठनको प्रगति खोइ ? सरकारले हतारमा गरेका कति निर्णय फिर्ता लिनुपरेको छ । गरिएको निर्णय फिर्ता लिनु भनेको सरकार गहिरिएर अघि नबढेको या दूरदर्शी नभएको स्पष्ट हुन्छ । लघुवित्त पीडित, सहकारी पीडितहरू अहिले पनि आन्दोलनमा छन् । कहिले लेखनदास आन्दोलन, कहिले कर्मचारी

बाँकी पृष्ठ २ मा

तब्या खुसीको बाढीले सयौँ रोपनी धान खेती नोक्सान

भक्तपुर, १३ साउन । चाँगुनारायण नगरपालिका वडा नं. ९ र सूर्यविनायक नगरपालिका वडा नं. १० बिच भएर बग्ने तब्याखुसीमा गए राति आएको बाढीले सयौ रोपनी धान खेती नोक्सान गरेको छ ।

चाँगुनारायण नगरपालिका वडा नं. ९ का किसानहरूका अनुसार सूर्यविनायक नगरपालिका वडा नं. १० ले तब्याखुसी नै थुनिने गरी गएको जेठमा खोलामा दुई फिट अग्लो ढलान राखेको कारण चाँगुनारायणतर्फको खेत बगाएको हो ।

सङ्गम मार्ग निर्माण गर्दा तब्याखुसीमा सूर्यविनायकतर्फ कङ्क्रिटको अग्लो पर्खाल बनाइएको र चाँगुनारायणतर्फ गत सालमात्र राखेको माटोको होचो डिल

बाँकी पृष्ठ ८ मा

देशको अवस्थाबारे उब्जिएका प्रश्न

- चिकित्सकहरूले आफूमाथि हुँदै आएको कुटपिट तथा दुर्व्यवहारको विरोधमा मङ्गलबार देशभर आकस्मिकबाहेकका सम्पूर्ण सेवा बहिष्कार गरे । चिकित्सकहरूको हड्तालको कारण ३ लाखभन्दा बढी बिरामी उपचारबाट वञ्चित भएको सार्वजनिक भयो । सरकारले चिकित्सा शिक्षा नि:शुल्क अध्यापन गराई पर्याप्त चिकित्सक उत्पादन गरेर स्वास्थ्य सेवा जनतालाई सहुलियतमा उपलब्ध गराउनु जरुरी छ । नेपालमा महँगो उपचार भएको हुँदा यस्ता घटना भइरहेका हुन् ।
- फ्रान्सको सरकारी स्वामित्वको संस्था इन ग्रुपबाट राष्ट्रिय परिचयपत्रका लागि आवश्यक अटोमेटेड बायोमेट्रिक आइडेन्टिफिकेसन सिस्टम खरिद गर्ने सरकारी निर्णयमा कानुनी, प्रक्रियागत र सुशासनसम्बन्धी गम्भीर प्रश्न देखा पऱ्यो । रास्वपाका सभापति रवि लामिछाने गृहमन्त्री हुँदा पनि यो विषय उठेको थियो । नेपालीको व्यक्तिगत विवरण विदशी कम्पनीले सम्हाल्ने राष्ट्रिय परिचयपत्रको व्यवस्थापनमै प्रश्न उठिरहेको छ ।
- नेपालमा क्रियाशील अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले आफ्ना कार्यक्रम कार्यान्वयन गर्ने क्रममा यहाँका गैरसरकारी संस्था छनौट गर्दा बिचौलिया हाबी भएको र लक्षित क्षेत्रको बजेटमा अनियमितता भएको समाचार सार्वजनिक भयो । सरकारले समानान्तर बजेट चलाउने आइएनजीओ र एनजीओहरूले भदौ २३ गते निहत्था जनतामाथिको हत्या र भदौ २४ गतेको देशव्यापी आगजनीमा मलजल गरेको सार्वजनिक भएको थियो ।
- नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वअध्यक्ष तथा गोल्छा ग्रुपका अध्यक्ष गोल्छालाई सोमबार नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले बीमासम्बन्धी कसुरमा ७५ लाख र धितोपत्रसम्बन्धी कसुरमा २५ लाख रुपैयाँ धरौटी निर्धारण गरी नियन्त्रणमा लिएको थियो । अहिले उनी १ करोड धरौटी राखेर रिहा भएका छन् । सरकारले सार्वजनिक सम्पत्तिलाई जोड नदिएको कारण यस्ता अपराध बढ्न थालेका हुन् ।

बाँकी पृष्ठ ८ मा

आस्था थियटरमा तन्त्र टाब्लेट ख्याल प्रदर्शन

भक्तपुर, १३ साउन । नाट्यकर्मी समाज नेपालद्वारा आयोजित ११ दिने रामशेखरया ख्याल: ब्वज्याको पाँचौँ दिन बुधबार आस्था थियटरमा एकमात्र नेपाली भाषाको ख्याल: 'तन्त्र टाब्लेट' बाल विकास इडलिस स्कूलको तर्फबाट प्रदर्शन भयो ।

उक्त ख्यालको निर्देशन रवि प्रजापतिले गर्नुभएको थियो भने सोको कला संयोजन विकास तमखु तथा व्यवस्थापन उद्धव कोण्डाले गर्नुभएको थियो ।

प्रस्तुत ख्याल:मा नयाँ परिवर्तनको नाउँमा शिक्षा, स्वास्थ्य तथा विद्युत्मा लगाइएको कर, विभिन्न समयमा भएको प्रजातन्त्रको हरण, जेन्जीको नाउँमा निमुखाप्रति गरिएको अन्यायपूर्ण व्यवहार तथा प्रशासनले गर्ने पक्षपातपूर्ण व्यवहार मनपरीतन्त्र चोरीपैठारी एवं महँगीप्रति व्यङ्ग्य गरिएको छ ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले रामशेखर नकर्मीको रचना ३ दशक अघिको भए तापनि नयाँ पुस्ताले

बाँकी पृष्ठ ८ मा

भक्तपुर नगरपालिकाबाट तालिम लिई उद्यमी बन्दै स्थानीय महिला

भक्तपुर, १३ साउन । भक्तपुर नगरपालिकाले गरिबी निवारणका लागि सञ्चालन गरेको लघु उद्यम विकास कार्यक्रम (मेडपा) अन्तर्गत ४५ दिने आधारभूत तथा एकमहिने एडभान्स ब्याग र झोला बनाउने तालिम प्राप्त गरेका उद्यमीहरू आज आत्मनिर्भर बन्दै व्यवसायमा लागिरहेका छन् ।

तालिम प्राप्त उद्यमीहरू संगिता बासुकला, चन्द्रलक्ष्मी घेमोसु, रामलक्ष्मी दुवाल र लक्ष्मी फैजुले भक्तपुर नगरपालिका वडा नं. १०, बेखालमा सामूहिक रूपमा ब्याग तथा झोला उत्पादन गर्ने उद्यम सञ्चालन गर्दै आएका छन् । उनीहरूले आफ्नै सीप, मेहनत र लगनशीलताको आधारमा गुणस्तरीय वस्तु उत्पादन गर्दै आएका छन् । उनीहरूको उत्पादनप्रति बजारमा दिनानुदिन आकर्षण र माग बढ्दै गएको छ ।

उद्यमीहरूका अनुसार स्थानीय उपभोक्ताले स्वदेशमै उत्पादन भएका सामग्रीलाई प्राथमिकता दिँदै खरिद गर्ने क्रम बढेको छ । स्थानीय समुदायबाट प्राप्त साथ, सहयोग र प्रोत्साहनले उनीहरूलाई व्यवसाय विस्तार गर्न थप उत्साह मिलेको छ ।

भक्तपुर नगरपालिकाले सञ्चालन गरेका यस्ता सीपमूलक तालिमहरूले बेरोजगारी न्यूनीकरण, आयआर्जनमा वृद्धि तथा महिलाहरूलाई आत्मनिर्भर बनाउन महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । उनीहरू स्थानीय स्तरमै रोजगारी सिर्जना गर्न सफल भएका छन् । यी उद्यमीहरूको सफलता नगरपालिकाले सञ्चालन गरेका उद्यम विकास कार्यक्रमहरूको सकारात्मक र प्रेरणादायी उदाहरण बनेको छ ।

गुरु पूर्णिमा र नैतिक शिक्षा

- **सुवर्ण श्रेष्ठ**

यो वर्ष अधिकमास भएकोले आषाढ शुक्ल पूर्णिमा साउन १३ गते परेको छ । यो दिनलाई गुरु पूर्णिमा र व्यास जयन्ती भनेर मनाइन्छ । 'गु' को अर्थ अन्धकार र 'रु' को अर्थ प्रकाश वा उज्यालो हो । गुरु वा शिक्षकहरू अज्ञानताबाट शिष्य वा विद्यार्थीहरूलाई उज्यालो चेतना दिने गर्छन् । त्यसैले विद्यालय, कलेज, विश्वविद्यालयमा गुरु पूर्णिमा मनाइन्छ ।

विद्या, विनय र अन्तर्ज्ञानले युक्त व्यक्तिको आदर गर्नु र सम्मान गर्नु नै गुरु पूर्णिमा मनाउनु हो । गुरु वा शिक्षकका शिक्षा, उपदेश र मार्गदर्शन पालना गर्नु नै गुरुप्रति सम्मान गर्नु हो ।

जन्म दिएर संसार देखाउने आमा-बुबादेखि अनुभवी, ज्ञानी, दूरदर्शी व्यक्तित्वहरू, समाजसेवीहरू, राजनीतिज्ञहरूलगायत छिमेकी नाता कुटुम्बहरू सबैलाई गुरु (शिक्षक) को रूपमा लिन सकिन्छ । जीवनको लागि सही मार्गदर्शन गर्ने, दृष्टिकोण राख्ने व्यक्तिहरूबाट जीवनमा सकारात्मक ऊर्जा प्रवाह हुन्छ । विद्यालय, कलेज, विश्वविद्यालयका शिक्षक र प्राध्यापकहरू औपचारिक गुरु हुन् । अनौपचारिक रूपमा पनि थुप्रै शिक्षक (गुरु) हरूको साथ सहयोग हरेक व्यक्तिले पाएका हुन्छन् ।

शिष्य (विद्यार्थी) को बुद्धिलाई तिखार्ने, प्रतिभा उजिल्याउने, दृष्टिलाई फराकिलो पार्ने, ज्ञान सिकाउने, जीवन जिउने कला सिकाउने, नैतिकता, अनुशासन, व्यावहारिक सीप सिकाउने, संस्कार, धैर्यता, आत्मस्वाभिमान सिकाउने, सेवाको भावना जगाउने व्यक्तित्वहरूलाई सम्मान, आदर गर्नु गुरु पूर्णिमा मनाउनु हो । शिक्षकलाई अनादर गर्नु आफूले आफैलाई होच्याउनु हो । गुरूप्रति शिष्यको व्यवहार उदार, सहृदयी र स्नेही हुनु आवश्यक छ । त्यसैगरी गुरुमा पनि महान् उदारता हुनुपर्दछ ।

वर्तमान शिक्षा पद्धति र शिक्षण विधिले मानिसलाई व्यक्ति केन्द्रित र स्वार्थकेन्द्रित बनाउन सहयोग गरेकोमा आलोचना छ । बरालिएका नयाँ पुस्तालाई सही जीवनमार्ग, संस्कार र मूल्यबोधतर्फ डोऱ्याउनु आवश्यक छ । नागरिक शिक्षाले नागरिक भावनाको विकास गर्छ । जीवनको आधारभूत जानकारी दिनुको साथै आय आर्जन गर्न, रोजगारी पाउन, राष्ट्रिय आय वृद्धि गर्नलगायत विविध विषयमा चेतना जगाउने काम नागरिक शिक्षाले गर्छ । राजनीतिक, सामाजिक, धार्मिक, प्राविधिकलगायतका क्षेत्रमा पनि नागरिक शिक्षाको उल्लेखनीय भूमिका हुन्छ ।

लोकतान्त्रिक मूल्य मान्यता, पद्धति र संस्कृतिअनुसार राजनैतिक दल र नेता - कार्यकर्ताहरूले व्यवहार देखाउनुपर्छ । ठुला पदमा पुगेका, समाजका अगुवा व्यक्तिहरूको व्यवहार नयाँ पुस्ताले अनुसरण गर्छ । यसकारण, नागरिक भावना र नैतिक शिक्षा सबैको लागि अपरिहार्य हुन्छ ।

सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यान्वयन कार्ययोजना सार्वजनिक

काठमाडौँ, १३ साउन । सरकारले सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीलाई प्रभावकारी, पारदर्शी, उत्तरदायी र नतिजामुखी बनाउने उद्देश्यले तेस्रो सार्वजनिक वित्तीय व्यवस्थापन सुधार राष्ट्रिय रणनीति (२०८३-२०८७) को कार्यान्वयन कार्ययोजना सार्वजनिक गरेको छ ।

अर्थ मन्त्रालयले सार्वजनिक गरेको कार्ययोजनामा रणनीतिमा समावेश सुधारका कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न जिम्मेवार निकाय, कार्यसम्पादनका चरण, समयसीमा, अपेक्षित उपलब्धि, कार्यसम्पादन सूचक तथा प्रमुख उपलब्धिका आधार निर्धारण गरिएको छ ।

कार्ययोजना मन्त्रालय, विभाग, आयोग, कार्यालय तथा अन्य सरोकार भएका निकायको सहभागिता र परामर्शका आधारमा तयार गरिएको दस्तावेजमा जनाइएको छ । सम्बन्धित निकायबाट प्राप्त सुझाव तथा रायलाई समेटेर कार्ययोजनालाई अन्तिम रूप दिइएको जनाइएको छ ।

कार्ययोजनाले सार्वजनिक वित्तीय व्यवस्थापन सुधारका गतिविधिको कार्यान्वयनका लागि स्पष्ट मार्गचित्र तयार गर्नुका साथै प्रत्येक गतिविधिको जिम्मेवार निकाय, कार्यान्वयन अवधि र अपेक्षित नतिजा निर्धारण गरेको छ । सुधार कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि संस्थागत समन्वय, स्वामित्व र जवाफदेहितालाई महत्त्व दिइएको छ ।

कार्ययोजनाको प्रभावकारी कार्यान्वयन तथा नियमित अनुगमनका लागि अर्थ मन्त्रालयले अनुगमन, मूल्याङ्कन तथा सिकाइ योजना (२०८३-२०८७) पनि तयार गरेको छ । उक्त योजनाअनुसार नतिजा श्रृङ्खला, कार्यसम्पादन सूचक, तथ्याङ्कका स्रोत, प्रतिवेदन प्रणाली तथा संस्थागत सिकाइका माध्यमबाट सुधार कार्यक्रमको प्रगति मापन गरिनेछ ।

कार्ययोजनाले सार्वजनिक वित्तीय व्यवस्थापन सुधारका कार्यक्रमलाई नतिजामुखी बनाउनुका साथै प्रगतिको नियमित अनुगमन, मूल्याङ्कन तथा जवाफदेहिता सुनिश्चित गर्ने लक्ष्य लिएको छ । सरकारले यसबाट सार्वजनिक स्रोतको प्रभावकारी परिचालन, वित्तीय अनुशासन, सुशासन तथा सार्वजनिक सेवा प्रवाहमा सुधार आउने अपेक्षा गरिएको जनाएको छ । ***रासस***

विरोध...

आन्दोलन त कहिले विद्यार्थीजस्ता आन्दोलनले देशमा आन्दोलन नै आन्दोलन भइरहेको स्थिति छ ।

रास्वपाको सरकारले गतिलो ढङ्गले काम गर्न नसकेको स्थितिमा, सरकारको चारैतिर विरोध भइरहेको बेला सत्तारुढ दलका नेता, मन्त्री र सांसदहरू अरु दलको स्थानीय तहले यो गरेन, त्यो गरेन भनी खिसी उडाउने काम गर्दै छन् । अरु दलका जनप्रतिनिधिहरूले नीतिगत भ्रष्टाचार गरे भनी बदखवाइँ गर्दै छन् । आफ्नो आङको भैंसी नदेख्ने रास्वपाका सांसदहरू अर्काको आङको जुम्राको कुरा उठाउँदै छन् । अरु दलका नेताहरूलाई विदेशीको दर्शन छाँटी राजनीति गरिरहेको भनि चिन्ता व्यक्त गर्ने शासक दलका नेता र सांसदहरू विदेशी सङ्घ संस्थाको नेतृत्व गरेर विदेशी चलखेल बढाइरहेको कुरा लुकाउने कुचेष्टा गर्दै छन् । आफ्नै दलका नेताहरू सहकारीको प्रकरणमा फसिरहेका छन् । सरकारले सहकारी पीडितको रकम ठग्नेमाथि कारबाही गरेर उनीहरूको जायजेथाबाट रकम असुल्ने हो कि देशको आयस्रोत बाँझ्ने हो ? सिराहको लहान पनि तनावग्रस्त भयो । युवाहरूले भाला र लठीसहित प्रदर्शन गरे । सुनसरीमा त तरबार र बन्दुकै बाहिर देखाइयो । धरानमा व्यापारीहरूले सडकमा बाँस तेर्स्याएर सडक बन्द गरे । वीरगञ्जमा पनि विरोध प्रदर्शन भयो । जिल्ला प्रहरी कार्यालयअगाडि तेस्रोलिङ्गीहरूले विरोध प्रदर्शन गरे । प्रदर्शनकारीहरू रास्वपाले जनतालाई झुक्याएकै हुन् भनी प्रदर्शन एक जिल्लाबाट अर्को जिल्लामा सर्दै छ ।

देशमा एकपछि अर्को आत्मदाह गर्नुपर्ने बाध्यता कसरी आयो ? आत्मदाहका प्रयासहरू बारम्बार किन भए ? त्यस्तो वातावरण कसरी सिर्जना भयो ? यसबारे सरकारले सोचेको खोइ ? सरकारका नेता, मन्त्री र सांसदहरूले आ-आफ्नो जिम्मेवारी पन्छाएर देश कसरी बन्छ ? जनताको समस्या कसरी सम्बोधन हुन्छ ? यसरी नै आन्दोलन, प्रदर्शन, तोडफोड, आगजनी, कुटपिट भइरह्यो भने देशको स्थिति के हुन्छ ? देश कहाँ पुग्छ ? जनताले दुःख र पीडाबाहेक के पाउँछन् ? के नयाँ सरकारको उपलब्धि देशलाई अन्योलको भुमरीमा लाने हो ? दमन गरेरै आन्दोलनलाई तह लगाउने हो ? जहाँ दमन हुन्छ, त्यहाँ प्रतिरोध हुन्छ । त्यस्तै प्रतिरोधका आन्दोलन र असन्तोषका विस्फोटहरू अहिले भइरहेका छन् । यसले देश बन्दैन । कति आक्रोशित युवाहरू त जेनजी आन्दोलनले सिकाएको पाठ भनी तोडफोड र आगजनीमा हामफाल्न थालेका छन् । यो राम्रो काम होइन । यसले अराजकता निम्त्याउँछ, उच्छृङ्खल बढाउँछ । सारमा अशान्त हुन्छ, सद्भाव बिथोलिन्छ, देशले सद्गति होइन दुर्गति भोग्नुपर्ने हुन्छ ।

एकै दिन विपद्का ४२ घटना, तीन जनाको मृत्यु

काठमाडौँ, १३ साउन । एकै दिन देशका विभिन्न भागमा विभिन्न प्रकारका विपद्का ४२ वटा घटना भएका छन् । ती घटनामा परी तीन जनाको मृत्यु भएको छ भने २१ जना घाइते भएका छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार साउन ११ गते बिहान १०:०० बजेदेखि साउन १२ गते बिहान १०:०० सम्मको विवरणअनुसार विपद्का घटनाबाट १० जिल्ला प्रभावित भएका छन् । यो अवधिमा तीन जनाको मृत्यु भएको, २१ जना घाइते भएको र कोही पनि बेपत्ता नभएको प्राधिकरणले जनाएको छ ।

सबैभन्दा बढी १२ वटा सर्पदंशका घटना भएका, १२ वटा पहिरो, सात आगलागी, छ अविरल वर्षा, तीन जनावर आक्रमण, एक बाढी र एक भूकम्पको घटना भएका छन् ।

ती घटनाका कारण करिब रु. नौ लाख २२ हजार ५०० बराबरको क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ ।

यसैबिच, चालु वर्षको वैशाख १ गतेदेखि साउन १२ गते बिहानसम्म देशभर तीन हजार ७८८ वटा विपद्का घटना भएका छन् । ती घटनामा परी १९२ जनाको मृत्यु, तीन जना बेपत्ता र एक हजार १३९ जना घाइते भएका छन् । यस अवधिमा पाँच हजार चार परिवार विभिन्न विपद्बाट प्रभावित भएका प्राधिकरणले जनाएको छ । ***रासस***

खाद्य निरीक्षक राखेर बजार अनुगमन गर्न सरकारको आग्रह

काठमाडौँ, १३ साउन । सङ्घीय सरकारले स्थानीय तहलाई खाद्य निरीक्षकको व्यवस्था गरी खाद्य स्वच्छता र गुणस्तरको प्रभावकारी नियमन गर्न आग्रह गरेको छ ।

'खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१' ले स्थानीय तहमा खाद्य निरीक्षक नियुक्त गरी आफ्नो क्षेत्रभित्र खाद्य बजारको नियमित अनुगमन, निरीक्षण र नियमन गर्ने व्यवस्था गरेको छ ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले सोही व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सबै स्थानीय तहलाई आग्रह गरेको छ ।

स्वास्थ्य मन्त्रालयको आग्रहबमोजिम भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मङ्गलबार सबै स्थानीय तहलाई खाद्य स्वच्छता तथा गुणस्तर ऐन कार्यान्वयनका लागि परिपत्र गरेको हो ।

परिपत्रमा होटल, रेस्टुरेन्ट, चमेनागृह, क्यान्टिन, भोजनालयलगायत खाद्य सेवा प्रदान गर्ने व्यवसायले स्थानीय तहबाट अनुमति लिएर मात्र सञ्चालन गर्नुपर्ने व्यवस्था प्रभावकारी रूपमा लागू गर्न भनिएको छ । स्थानीय तहले आफ्नो क्षेत्रमा सञ्चालित खाद्य व्यवसायको नियमित अनुगमन, निरीक्षण र आवश्यक व्यवस्थापन गर्नुपर्नेछ ।

ऐनअनुसार तोकिएको मापदण्ड पूरा गरेका खाद्य पदार्थ मात्र बिक्री-वितरण गर्नुपर्ने हुन्छ । खाद्य पदार्थको प्रकृतिअनुसार बिक्री कक्ष वा भण्डारणस्थलमा आवश्यक तापक्रम र आद्रता कायम गर्नुपर्ने तथा खाद्य पदार्थ तयारी र बिक्री-वितरण हुने स्थान सधैँ सफा र स्वच्छ राख्नुपर्ने पनि परिपत्रमा उल्लेख छ । त्यसैगरी, खाद्य पदार्थको पहिचान र स्रोत खुल्ने व्यवस्था कायम गर्नसमेत स्थानीय तहलाई निर्देशन दिइएको छ । ***रासस***

लागूऔषधसहित काठमाडौँको गाडखेलबाट तीन जना पक्राउ

काठमाडौँ, १३ साउन । काठमाडौँ महानगरपालिका-१४ गाडखेलबाट मङ्गलबार सशस्त्र प्रहरीले ठुलो परिमाणको लागुऔषधसहित तीन जनालाई नियन्त्रणमा लिएको छ ।

नियन्त्रणमा लिइएकाहरूमा भारत घर बताउने २६ वर्षीय राकेशकुमार साह, बारा जिल्ला कलैया-५ का २१ वर्षीय नौसाद अन्सारी र ओखलढुङ्गाको मानेभञ्ज्याङ-५ घर भई हाल ललितपुर महालक्ष्मी थान-६ बस्ने २४ वर्षीय दीपक राई छन् ।

उनीहरूले भारतबाट अवैध रूपले नेपाल ल्याई उक्त लागुऔषध बेचबिखन गरिरहेको भन्ने विशेष सूचनाका आधारमा सशस्त्र प्रहरी बल नेपाल इन्टेलिजेन्स ब्यूरोको विशेष टोलीले नियन्त्रणमा लिएको प्रहरी नायब उपरीक्षक शैलेन्द्र थापाले जानकारी दिनुभयो ।

उहाँका अनुसार त्यसबेला सो टोलीले उनीहरूको साथबाट डामाडोल नामक लागुऔषध एक लाख २० हजार क्याप्सुल, टाटा कम्पनीको बीएसी ७०१७ नम्बर एउटा हात्ती गाडी, वाग्मती प्रदेश ०२-०६५प ४४८९ नम्बरको मोटरसाइकल, मोबाइल तीन थान र नेपाली रूपैयाँसमेत बरामद गरेको छ ।

नियन्त्रणमा लिइएका तीनै जनालाई बरामद लागुऔषध, नेपाली रूपैयाँ, मोटरसाइकल र मोबाइल सेटसहित आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा बुझाउने प्रक्रियामा रहेको जनाइएको छ । ***रासस***

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ, भक्तपुर
सूर्यविनायक न.पा.-५, चुनदेवी, भक्तपुर, फोन नं.: ०१-५७०८१००

दरभाउपत्र पेस गर्नेबारे सूचना

प्रथम पटक प्रकाशित मिति २०८३/०४/१४ गते

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ भक्तपुरअन्तर्गत काठमाडौँ, ललितपुर र भक्तपुर जिल्लाहरूमा सञ्चालित तरकारी तथा आलु जोन क्षेत्रका सूचिकृत कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता समिति र निजी कृषि फर्म तथा कृषि कम्पनीहरूलाई आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रमबमोजिम बीउ आलु, कृषि चुन तथा प्राङ्गारिक मल/भर्मीकम्पोस्ट स्वीकृत दररेटमा ५० प्रतिशत अनुदानमा वितरण गरिने हुँदा सो प्रयोजनका लागि प्रति एकाइ मूल्य आवश्यक भएको हुँदा इच्छुक अनुमति प्राप्त उत्पादक/आपूर्तिकर्ता/बिक्रेता फर्महरूलाई कार्यालयले उपलब्ध गराउने दरभाउ-पत्र साथ अन्य आवश्यक कागजातहरूसहित मिति २०८३/०४/२० गतेभित्र दरभाउपत्र पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

सङ्क्षिप्त समाचार

वाग्मती प्रदेश जनस्वास्थ्य प्रयोगशालामा केमिकल अभावले सेवा ठप्प

चितवन, १३ साउन । वाग्मती प्रदेश जनस्वास्थ्य प्रयोगशाला सेवा एकाइ, चितवनमा केमिकल अभावले एक महिनादेखि प्रयोगशालाले दिने सेवा ठप्प भएको छ ।

प्रयोगशालाका निर्देशक नारायणबहादुर कार्कीले बजेट अभावमा केमिकल खरिद गर्न नसक्दा एक महिनादेखि सेवा दिन नसकिएको जानकारी दिनुभयो ।

गत वर्ष रु. एक करोड ३५ लाख केमिकल खरिदका लागि विनियोजन भएको रकममा रु. २० लाख अपुग भएकाले प्रयोगशाला बन्द भएको उहाँले बताउनुभयो ।

कार्यालयका सूचना अधिकारी रमेश डोवालले सेवा सञ्चालन नहुने भएपछि प्राय: न्यून सङ्ख्यामा मात्र बिराम आउने गरेको जानकारी दिनुभयो । यसअघि प्रयोगशालामा दैनिक १३० जना बिरामी आउने गरेका थिए । "जिल्लामा यो प्रयोगशालालाई विश्वासिलो प्रयोगशालाका रूपमा लिने गरिन्छ," उहाँले भन्नुभयो ।

आर्थिक वर्ष २०८३/८४ का लागि रु. एक करोड पाँच लाख बजेट विनियोजन भएको छ । सो रकमबाट गत सालको तिर्न बाँकी रकम भुक्तानी गरी मधुमेह, सिबिसी, युरिकएसिड र पिसाबका अत्यावश्यक परीक्षण मात्र गरिने भएको छ ।

वाग्मती प्रदेशका पूर्वस्वास्थ्यमन्त्री उत्तम जोशीले भरतपुरमा उच्च गुणस्तरको सरकारी प्रयोगशाला आवश्यक रहेको जिकिर गर्नुभयो । यस कार्यालयले गत आवमा रु. दुई करोड हाराहारी राजस्व सङ्कलन गरेको थियो । ***रासस***

बाढीले सेनाको ब्यारेकमा क्षति

गण्डकी, १३ साउन । सुपरसेती जलविद्युत् आयोजनाको सुरक्षार्थ खटिएका नेपाली सेनाको ब्यारेकमा क्षति पुगेको छ ।

केही दिनअघिको वर्षापछि सेती नदीमा आएको बाढीले कास्कीको माछापुच्छ्रे गाउँपालिका-१ मा निर्माणाधीन ब्यारेकमा क्षति पुगेको हो ।

प्रिफ्याब र जस्ता प्रयोग गरेर बनाइएको ब्यारेकका तीन कोठा पूर्ण रूपमा क्षति भएको सार्दीखोला प्रहरी चौकीका वरिष्ठ हवल्दार टीकाराम गुरुङले जानकारी दिनुभयो ।

बाढीले सेनाको हातहतियारबाहेक लत्ताकपडा र अन्य सामग्री बगाएको छ । मङ्गलबार प्रहरीले घटनास्थल पुगी क्षतिको विवरण सङ्कलन गरेको थियो । भौगोलिक रूपमा टाढा र विकट रहेकाले घटनाबारे ढिला गरी खबर प्राप्त भएको हवल्दार गुरुङले बताउनुभयो । ***रासस***

कोहलपुरमा सेफ्टीटयाङ्कीभित्र तीन जना मृत्यु

नेपालगन्ज (बाँके), १३ साउन । बाँकेको कोहलपुरमा सेफ्टीटयाङ्की सफा गर्ने क्रममा तीन जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा कोहलपुर नगरपालिका-३ का ४१ वर्षीय कालु थारू, २६ वर्षका प्रकाश थारू र ३४ वर्षका बिर्जा थारूको मृत्यु भएको बाँकेका प्रहरी नायब उपरीक्षक प्रतितसिंह राठौरले जानकारी दिनुभयो ।

जिल्ला प्रहरी कार्यालयका अनुसार टयाङ्की सफा गर्ने क्रममा निस्सासिएर उनीहरूको मृत्यु भएको आशङ्का गरिएको छ ।

कोहलपुर नगरपालिका-३ शान्तिटोलस्थित दयाप्रसाद थारूको निर्माणाधीन घरको आँगनमा बनाईदै गरेको सेप्टीटयाङ्कीमा फसेको अवस्थामा तीनै जनालाई मृतावस्थामा फेला पारिएको प्रहरीको भनाइ छ ।

प्रहरीले जेसिबीको सहायताले सेफ्टीटयाङ्की फुटाए तीनै जनाको शव बुधबार बिहान बाहिर निकालेको थियो । मृतकको शव परीक्षणका लागि भेरी अस्पताल नेपालगन्ज पठाइएको छ । ***रासस***

नेपालमा बाघको सङ्ख्या ४२९

काठमाडौँ, १३ साउन । पछिल्लो गणनाअनुसार नेपालमा बाघको सङ्ख्या ४२९ पुगेको छ । विश्व बाघ दिवसका अवसरमा बुधबार कृषि, वन तथा पर्यावरण मन्त्रालयले बाघको पछिल्लो गणना सार्वजनिक गरेको हो ।

कृषि, वन तथा पर्यावरणमन्त्री गिता चौधरीले सार्वजनिक गर्नुभएको २०८२ को गणनाअनुसार कुल बाघको सङ्ख्या मुलुकभर ४२९ पुगेको हो ।

पछिल्लो गणनाअनुसार चितवन राष्ट्रिय निकुञ्जमा १४५, बर्दिया राष्ट्रिय निकुञ्ज ११२, पर्सा राष्ट्रिय निकुञ्जमा ७१, बाँके राष्ट्रिय निकुञ्जमा ५१ र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा ५० बाघ छन् ।

पछिल्ला दिनमा संरक्षण क्षेत्र र बासस्थानमा भएको सुधार, सिकार प्रजातिको वृद्धिलगायतका आधारमा बाघको सङ्ख्या थपिएको बताइएको छ । नेपालमा प्राय: चार वर्षमा बाघ गणना गरिन्छ । सन् २०२२ को बाघ गणनाअनुसार मुलुकमा बाघको सङ्ख्या ३५५ थियो ।

सन् २०२२ को गणनाअनुसार सबैभन्दा बढी बाघ चितवन राष्ट्रिय निकुञ्जमा १२८, त्यसपछि बर्दिया राष्ट्रिय निकुञ्जमा १२५, पर्सा राष्ट्रिय निकुञ्जमा ४१, शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा ३६ र बाँके राष्ट्रिय निकुञ्जमा २५ बाघ थिए । मन्त्रालयले २००९ देखि हरेक चार वर्षमा बाघ गणना गर्दै आएको छ । नेपालमा बाघको सङ्ख्या सन् २०१० मा १२१, सन् २०१४ मा १९८ र २०१८ मा २३५ रहेको थियो ।

प्रत्येक वर्ष जुलाई महिनाको २९ मा बाघ दिवस मनाइन्छ । सन् २०१० मा रूसको सेन्ट पिटर्सबर्गमा भएको बाघ शिखर सम्मेलनको घोषणासँगै यो दिवस मनाउन थालिएको हो । तत्कालीन समयमा बाघको सङ्ख्या तीव्र रूपमा घट्दै गएको अवस्थालाई रोक्न र तिनको प्राकृतिक बासस्थानको संरक्षण गर्ने उद्देश्यले दिवस मनाउन लागिएको हो । बाघ स्वस्थ पारिस्थितिकीय प्रणालीको सूचक र प्राकृतिक खाद्य शृङ्खलाको उच्च तहमा रहेको महत्त्वपूर्ण प्रजाति हो ।



राहदानीका लागि लाम

काठमाडौँको त्रिपुरेश्वरस्थित राहदानी विभागमा राहदानीका निम्ति बुधबार लामबद्ध सेवाग्राही । *तस्विर: शरच्चन्द्र भण्डारी/रासस*

धिमाल समुदायको मातृभाषा संरक्षणमा जोड

भद्रपुर (झापा), १३ साउन । धिमाल समुदायको शिक्षा, स्वास्थ्य, रोजगारी, मातृभाषा संरक्षण र राजनीतिक सहभागिताजस्ता क्षेत्रमा अपेक्षित सुधार हुन नसकेको सो समुदायका अगुवाहरूले बताएका छन् ।

झापा र मोरङका विभिन्न स्थानीय तहले धिमाल समुदायलाई प्रथम नागरिक वा पहिलो जातिका रूपमा मान्यता दिएका छन् । दमक नगरपालिकाले २०७४ सालमा धिमाल समुदायलाई प्रथम नागरिक घोषणा गरेपछि बेलबारी, पथरीशनिश्चरे र उर्लाबारी नगरपालिकाले पनि सोही मान्यता दिएका छन् । धिमाल समुदायको जातिरी पर्व समापन हुने गत असार २ गते केही स्थानीय तहले सार्वजनिक बिदासमेत दिन थालेका छन् ।

कोसी प्रदेशसभा सदस्य नम्बरलाल धिमालले प्रथम नागरिकको घोषणा केवल सांस्कृतिक सम्मानमा सीमित नराखी व्यवहारमा कार्यान्वयन हुनुपर्ने बताउनुभयो । "प्रथम नागरिकको घोषणा भाषा, शिक्षा, रोजगारी र नीति निर्माणमा समुदायको अधिकार सुनिश्चित गर्ने आधार बन्नुपर्छ," उहाँले भन्नुभयो ।

धिमाल जातीय विकास केन्द्रका कार्यवाहक अध्यक्ष केदार धिमालले घोषणालाई व्यवहारमा उतार्न स्थानीय तहले स्पष्ट नीति, बजेट र दीर्घकालीन कार्यक्रम ल्याउनुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "औपचारिक सम्मानले मात्र पुग्दैन, मातृभाषा शिक्षा, छात्रवृत्ति, रोजगारी र उद्यमशीलताका कार्यक्रममार्फत समुदायको जीवनस्तरमा परिवर्तन आउनुपर्छ ।"

धिमाल नेपालका सीमान्तकृत अल्पसङ्ख्यक आदिवासी जनजाति समुदायमध्ये एक हुन् । आफ्नै भाषा, संस्कृति, भेषभूषा, परम्परा र सामाजिक जीवनशैली बोकेको यस समुदायको मुख्य बसोबास झापा र मोरङमा छ । राष्ट्रिय जनगणना २०७८ अनुसार धिमाल समुदायको जनसङ्ख्या २५ हजार ६४३ रहेको छ । जसमध्ये करिब ५३ प्रतिशत मोरङ र ४१ प्रतिशत झापामा बसोबास गर्छन् ।

जङ्गल छेउ र नदी किनारमा बसोबास गर्न रुचाउने धिमाल समुदायको परम्परागत पेसा सिकार गर्ने, माछा मार्ने तथा तानमा कपडा बुन्ने हो भने मुख्य जीविकोपार्जन कृषि र पशुपालनमा आधारित छ । धिमाल समुदायलाई प्रथम नागरिकको मान्यता उनीहरूको इतिहास, पहिचान र योगदानको सम्मान गर्ने महत्त्वपूर्ण कदम मानिएको छ । तर, यसको वास्तविक सफलता शिक्षा, स्वास्थ्य, रोजगारी, मातृभाषा संरक्षण तथा राजनीतिक र प्रशासनिक निर्णय प्रक्रियामा समुदायको अवसर र अर्थपूर्ण सहभागिताबाट सुनिश्चित हुने उनीहरूको भनाइ छ । ***रासस***

प्राकृतिक स्रोतमा आधारित कच्चा वस्तुमै सीमित सुदूरपश्चिमको व्यापार

सुदूरपश्चिम, १३ साउन । कैलाली-कञ्चनपुर सीमामा रहेको सुदूरपश्चिमको प्रमुख भन्सार नाका गौरीफन्टाबाट आर्थिक वर्ष २०८२/८३ मा रु. एक अर्ब २९ करोड ७७ लाख रूपैयाँभन्दा बढी मूल्यका वस्तु निर्यात भएका छन् । कैलाली भन्सार कार्यालयका अनुसार यसरी निर्यात भएका अधिकांश वस्तु कच्चापदार्थ र वनजन्य उत्पादनमै सीमित छ, जसबाट रु. एक करोड ८४ लाख ७१ हजार ७२३ राजश्व सङ्कलन भएको छ । यसले सुदूरपश्चिममा मूल्य अभिवृद्धि गर्ने उद्योगको विकास हुन नसकेको र निर्यात अझै प्राकृतिक स्रोतमा आधारित रहेको देखिएको छ ।

भन्सार कार्यालयका अनुसार यहाँबाट सबैभन्दा धेरै रु. ४४ करोड २७ लाख २८ हजार ५०० बराबरको रोजिन तथा रेजिन एसिड निर्यात भएको छ । त्यसपछि कत्था रु. २१ करोड ६६ लाख ७९ हजार ८४०, वनस्पतिबाट प्राप्त हुने रस तथा अर्क रु. १६ करोड ९२ लाख २००, रेपसिड तेल उद्योगको अवशेष (आयल केक) रु. १३ करोड एक लाख ५७ हजार ४४८ र तरल कत्था रु. १२ करोड ७८ लाख ८४ हजार बराबर निर्यात भएको छ । यस्तै, टर्पेन्टाइन तेल रु. १२ करोड सात लाख ९७ हजार ६००, प्लाइउडमा प्रयोग हुने भिनियर सिट रु. रु. तीन करोड ५७ लाख ४५ हजार ७५८, खयर कत्था रु. तीन करोड २९ लाख आठ हजार र टाल्कजस्ता वस्तु रु. दुई करोड १५ लाख ४१ हजार १३६ को निर्यात भएको छ । यीमध्ये अधिकांश वनजन्य स्रोत वा सामान्य प्रशोधनपछि निर्यात हुने वस्तु हुन् । उच्च मूल्य अभिवृद्धि भएका औद्योगिक उत्पादन भने शीर्ष निर्यात सूचीमा छैनन् ।

यस्तो निर्यात संरचनाले प्रदेशमा उद्योगीकरण कमजोर रहेको देखाएको छ । स्थानीय कच्चा पदार्थ प्रशोधन गरी अन्तिम उत्पादनका रूपमा निर्यात गर्न सकिए निर्यातको मूल्य र रोजगारी दुवै बढ्न सक्ने अवस्था रहेको जानकारहरू बताउँछन् ।

गत आवमा २०८२/८३ मा कुल रु. नौ अर्ब ७१ करोड १५ लाख छ हजार राजस्व उठाउने लक्ष्य पाएकामा रु. आठ अर्ब ३९ करोड ८५ लाख ६० हजार राजस्व सङ्कलन गरेको छ । यो लक्ष्यको ८६ दशमलव ४८ प्रतिशत हो । अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा भने कार्यालयले रु. ११ अर्ब १६ करोड २६ लाख ३० हजार लक्ष्यमध्ये रु. आठ अर्ब ६६ करोड ९८ लाख रूपैयाँ अर्थात् ७७ दशमलव ६७ प्रतिशत राजस्व उठाएको थियो । यस आधारमा लक्ष्य प्राप्तिको प्रतिशतमा गत वर्षभन्दा यस वर्ष करिब आठ दशमलव ८१ प्रतिशत बिन्दुले सुधार देखिएको छ ।

यहाँ डिजेल, पेट्रोल, एलपी ग्यास, कागज, खाद्य सामग्री, फुड सप्लिमेन्ट, बिटुमिन, तोरीलगायतका वस्तु ठुलो परिमाणमा आयात भएका छन् । डिजेल आयातबाट मात्रै रु. तीन अर्ब ३८ करोड ६० लाख सात हजार ३०९ राजस्व सङ्कलन भएको छ, जुन कुल राजस्वको ४० दशमलव ३२ प्रतिशत हो । दोस्रो स्थानमा रहेको पेट्रोल आयातबाट रु. एक अर्ब ६५ करोड ७० लाख ५९ हजार ६२० अर्थात् १९ दशमलव ७३ प्रतिशत राजस्व प्राप्त भएको छ । डिजेल र पेट्रोलबाट मात्रै कुल राजस्वको करिब ६० प्रतिशत योगदान रहेको तथ्याङ्कले देखाउँछ ।

यसैगरी एलपी ग्यासबाट रु. ३४ करोड ८२ लाख ३५ हजार ६६८, कागज तथा पेपरबोर्डबाट रु. ३६ करोड ९८ लाख ६१ हजार १३८, दालमोठ, पापड, भुजियालगायतबाट रु. रु. १०, फुड सप्लिमेन्टबाट रु. नौ करोड नौ लाख छ हजार ९८५, पेट्रोलियम बिटुमिनबाट रु. आठ करोड ७७ लाख ८७ हजार ५६, तोरी रु. सात करोड ३९ लाख ८६ हजार २३८, एभिएसन टर्बाइन इन्धन रु. पाँच करोड ५३ लाख ३२ हजार ९४० र बेकरीजन्य वस्तु आयातबाट रु. पाँच करोड १४ लाख ८८ हजार ८८९ राजस्व सङ्कलन भएको कार्यालयका सूचना अधिकारी प्रकाश तिमिल्सिनाले जानकारी दिनुभयो । ***रासस***

। सम्पादकीय ।

युवाहरू नै सरकारको विरोधमा

पुराना सत्तारुढ दलबाट निराश र वाक्कदिक्क भएका युवाहरू युवाकै नेतृत्वमा बनेको रास्वपाको सरकारसित पनि वाक्कदिक्क हुन थालेका छन् । प्रतिनिधिसभाको निर्वाचनताका र रास्वपाको नेतृत्वमा सरकार गठन भएलगत्तै जनतालाई राहत हुने, बहुमत जनताको हित हुने काम सरकारले गर्ला भन्ने जनताको अभिलाषा थियो । सरकार गठन भएसँगै सरकारले गैरजिम्मेवारी ढङ्गले हचुवाको भरमा निर्णय गर्न थालेपछि जनतामा असन्तोष बढेको हो; यो सरकार झन् विगतको सरकारभन्दा खराब भएको भनी विभिन्न पेसा र क्षेत्रमा आबद्ध जनता कहिले प्रधानमन्त्री, कहिले अर्थमन्त्री त कहिले शिक्षामन्त्रीको राजीनामा माग्दै सडक प्रदर्शनमा उत्रे । युवाको नेतृत्वमा बनेको सरकारले युवाहरूकै विश्वास जित्न सकेन । अरु त के जेन-जी आन्दोलनका अगुवाहरू पनि वर्तमान सरकारको विरोधमा छन् ।

मुख्य कुरा युवाहरूको नेतृत्वमा सरकार बन्नु होइन । सरकारले कसको हितमा काम गऱ्यो भन्ने प्रश्न महत्त्वपूर्ण हो । रास्वपाको नेतृत्वमा बनेको सरकारले एक दुई महिना शासन चलाएदेखि नै जनतामा असन्तोष बढेको हो । कहिले सुकुमवासी उठिबास, कहिले सहकारी पीडितहरूको प्रदर्शन त कहिले चिकित्सकहरूको आन्दोलनले सडक तताियो । सुनसरी र मोरङमा भइरहेको आन्दोलन साम्य हुनुको सट्टा झन् चर्कदै छ । युवा नेतृत्वको सरकारले नयाँ पुस्ताको निम्ति कुनै सन्देशमूलक कार्य गर्न सकेको छैन । युवाहरूले प्रश्न गर्न थालेका छन्, "युवाहरूको नेतृत्वमा बनेको सरकारले पनि केही गर्न सकेको छैन । सरकारले घोषणापत्रअनुसार बिदेसिएका युवालाई फर्काउन सकेको छैन ।" बरु, विदेशमा जानेको सङ्ख्या बढ्दै छ । देशको सबैभन्दा ऊर्जाशील जनशक्तिलाई स्वदेशमै उपयोग नगरी विदेशी शक्ति राष्ट्रको दासजस्तै बनेर जिउनुपर्ने बाध्यता जसरी हिजोको सरकारले सृजना गरेको थियो; त्यो आज पनि यथावत छ ।

युवाहरू ऊर्जाशील, जोसिला, जाँगरिला छन् भनेर उनीहरूलाई आन्दोलनमा मात्र प्रयोग गर्ने होइन; त्यो जनशक्तिलाई देशको लागि पनि उपयोग गर्नुपर्छ । यसतर्फ सरकारको ध्यान गएको छैन । उनीहरूमा राजनीतिक संस्कारको विकास गराउनुपर्छ । राजनीतिक चरित्र तयार गर्न सामाजिक व्यवहार र संस्कृतिबाट सुसूचित गराइनुपर्छ । यस्तै संस्कार संस्कृतिको कमी या सांस्कृतिक स्तरको कमीले नै देशमा उपद्रो भइरहेको हो, जातीय र धार्मिक द्वन्द्व भइरहेको हो । युवाहरू सरकारको नेतृत्वमा भए पनि उनीहरूलाई अनुशासित बनाउने, देश र जनताप्रति समर्पित बनाउने काममा सरकार लागेको देखिँदैन ।

देश युवाको नेतृत्वमा छ । शक्तिको उन्मादमा टेकेर कसैलाई उठिबास गर्नु, प्रजातान्त्रिक हक अधिकारको निम्ति आवाज बुलन्द गर्दा दमन गर्नु या दबाउनु के युवाको नेतृत्वमा बनेको सरकारको दायित्व हो । जेन-जी आन्दोलनमा अगुवाइ गर्ने युवाहरूले नै सरकारले आन्दोलनको मर्मअनुसार कुनै काम नगरेको टिप्पणी गर्न थालेका छन् । सरकारले स्वदेशमै रोजगारीको व्यवस्था गर्ने अवधारणा तयार गर्नुपर्ने हो । सरकारले प्रजातान्त्रिक आन्दोलन दबाउन बल प्रयोग गर्नु हुँदैन; हिंसात्मक गतिविधिलाई प्रोत्साहन दिनु हुँदैन । यो बेला त देशमा कुनै पनि उच्छृङ्खल, अराजक, जातीय र धार्मिक द्वन्द्व हुने खालको गतिविधि हुन नपर्ने हो; हिंसात्मक गतिविधि हुन नहुने हो ? तर, युवाहरू आक्रोशित र आन्दोलित देखिएका छन् । राहदानी विभाग पुगेका युवाहरू वर्तमान सरकार जङ्गबहादुरभन्दा तानाशाह भएको बताउँछन् । बारबरा फाउन्डेसन, युथ अमेरिकाजस्ता विदेशी संस्थाहरूलाई सक्रिय बनाउने, भूमिका बढाउने सरकारका युवा नेताहरू अमेरिकाको कठपुतली त होइनन् भन्ने प्रश्न उठाउन थालेका छन् । दमन गरेरै दबाउने सरकार कसरी प्रजातान्त्रिक हुन्छ ?

नेमकिपाले संविधानसभाको निर्वाचनताका देश जोगाउन युवाहरूलाई सैनिक तालिम दिनुपर्ने सुझाव दिएको थियो । हरेक नागरिक सुरक्षित हुन र देश जोगाउन सैनिक तालिम आवश्यक छ । युवाहरू देशभक्त र अनुशासित बनाउन पनि सैनिक तालिमको जरुरी हुन्छ । युवाहरूमा देश प्रेमको भावना जगाउनुपर्छ; देशको सीमा रक्षा गर्नुपर्छ भन्ने चेतना जगाउनुपर्छ । युवाहरूमा देश हाम्रो हो; हामीले नै जोगाउनुपर्छ भन्ने भावना हुनुपर्छ । युवाहरूको धाक लगाएर, रवाफ देखाएर सरकार कसरी टिक्छ ? सरकारप्रति जनताको विश्वास कसरी हुन्छ ? सरकारको कार्यशैलीप्रति युवाहरूको आक्रोश, असन्तोष र विरोधको स्वरले युवा हुँदैमा सरकार सही दिशातिर लाग्छ; सही नेतृत्व गर्छ भन्ने कुरा साँचो होइन भन्ने देखाएको छ । निर्वाचनअघि जनता र युवाहरूको सरकारप्रति जति विश्वास थियो; युवाहरूको नेतृत्वमा सरकार चाहिन्छ भन्ने लागेको थियो । तर, अहिले ठीक उल्टो युवाहरूको सरकारले देश चलाउन नसक्ने रहेछ भन्ने सन्देश प्रवाह हुँदै छ । युवाहरूको नेतृत्वमा बनेको सरकारप्रति जनतामा आशा र विश्वासभन्दा निराशा छाएको छ । यो सरकारको कमजोरी हो । यो सरकारको अदूरदर्शिताको परिणाम हो ।

प्रदेश आम्दानीको स्रोत र आत्मनिर्भरताको प्रश्न जहाँको तहीं

सृजना सैँजू

यो बजेट विनियोजनमा नेपाल मजदुर किसान पार्टीको सैद्धान्तिक विमति हो । हामीले समग्र बजेटप्रति असहमति स्वरूप साङ्केतिक रूपमा केही मन्त्रालयमा खर्च कटौतीको प्रस्ताव राखेका हौँ । सदनमा चर्चा भयो 'संस्कृति' प्राथमिकताबाट नै हराएछ । भाषा, कला, संस्कृति र सभ्यता प्राथमिकताको विषय या विचार हामीले बरोबर राख्यौँ । बाग्मती प्रज्ञा प्रतिष्ठान, प्रदेश सांस्कृतिक प्रतिष्ठानको प्रस्ताव मात्र होइन भक्तपुरजस्तो सांस्कृतिक पुरातात्त्विक महत्त्वका सहरलाई सांस्कृतिक नगर घोषणाको माग पनि पटकपटक राख्यौँ । प्रदेश सरकारको दृष्टि त्यता पुग्दै पुगेन ।

उद्योग, पूर्वाधार, कृषिलगायतका मन्त्रालयहरू उत्पादनकेन्द्रित नभएको र आत्मनिर्भरता केन्द्रित नभएकोमा हाम्रो विरोध हो । ती मन्त्रालय प्राथमिकता र उद्देश्यमा समेत चुकेकोमा हाम्रो आपत्ति हो । कृषि तथा खाद्य उत्पादनमा हामी कति परनिर्भर छौँ, हामी अवगत नै छौँ । खाने तेलमा परनिर्भर छौँ, हाम्रै प्रदेशको ऐतिहासिक नगरी खोकना बुङ्गमति तोरीको तेलमा प्रसिद्ध थियो । आज त्यो तोरी क्यानडा र अस्ट्रेलियाबाट समेत आयात गर्छौँ । अन्य प्याकेट तेल भारतबाट आउँछ । मकैमा आत्मनिर्भर हुन सक्ने हाम्रो देश मकैको तेल पनि आयात गर्छ । मकै या पपकर्न अर्जेन्टिनाबाट ल्याउँछ । गहुँ युक्रेन र रुसबाट, दाल, चामल, गेडागुडी भारत र तेस्रो मुलुकबाट आयात हुन्छ । परनिर्भरताको सानो दृष्टान्त मात्र हो यो । कम्तीमा दैनिक उपभोग्य वस्तु उत्पादनलाई उद्योगसँग जोड्नुपर्ने होइन र ? आफ्नै उत्पादनबिना आत्मनिर्भरता असम्भव छ । दिगो विकास त सम्भव नै छैन । यसरी हाम्रा सम्भावनाहरूमा बजेट विनियोजन नभई अनुत्पादक क्षेत्रमा बजेट टुक्रा टुक्रामा बाँडिनु गलत हो । यसमा हाम्रो विरोध हो । यो बजेटप्रति विश्वास र भरोसा गर्न मिल्ने आधार नै नभएकोले हाम्रो असहमति छ । र, यो बजेट अर्थमन्त्रीले भन्नुभएझैँ विकासको धार नै परिवर्तन गर्ने, कायापलट नै गर्ने खालको पटक्कै छैन । मुख्यमन्त्रीले भन्नुभएझैँ जनमुखी, गरिबमुखी र उत्पादनमुखी पनि होइन । यो झूट र भ्रम नफैलाउन आग्रहसहित खर्च कटौतीको प्रस्ताव पेस गर्दछु ।

प्रदेश कर तथा आम्दानीको व्यवस्थामाथि छलफल

केन्द्र सरकारले अप्रगतिशील या प्रतिगामी कर नीति ल्यायो । त्यसको रिफ्लेक्सन अर्थात् परावर्तन प्रदेश सरकारहरूमा पर्नु अस्वाभाविक होइन । किनभने, सङ्घीय व्यवस्थाको नौ वर्षमा कर नीति स्वायत्त र विकेन्द्रित हुन सकेको छैन ।

अधिकतम वार्षिक आम्दानी ४० लाखभन्दा माथि गर्ने व्यक्तिको ट्याक्स स्ल्याव ३९ प्रतिशतबाट २९ प्रतिशतमा घटाइनु कर प्रणालीमा अप्रगतिशीलताको उदाहरण हो । गरिबको बिजुलीमा ५ प्रतिशत भ्याट, शिक्षा र स्वास्थ्यमा ३ प्रतिशत समता शुल्क या करको विरोध नेपाल मजदुर किसान पार्टीले सुरुदेखि नै गऱ्यो । बाग्मती प्रदेशले व्यवहारबाट यो कर व्यवस्थाको विरोध गरोस् भन्ने हामीले माग गऱ्यो । जिरामा कर हिरामा छुट, नुनमा कर सुनमा छुट, पानीमा कर मदिरामा छुट को असामाजिक व्यवहार यता नदेखाओस् भन्ने कामना गर्यौँ । किसानको हकमा २ करोड माथिको लगानी गर्नेलाई मात्र अनुदान र कर छुटको किसानमारा व्यवहार यहाँ नदेखाओस् भन्ने कामना गर्यौँ । तर, त्यसो भएन । यहाँ माथि जस्तै अर्थमन्त्रीले आर्थिक विधेयकका पन्नाहरू च्यात्नुभएन बस् बाँकी लय त्यही हो । यता कृषि आयकर दोहोऱ्याइयो । किसानमाथि करको भार थप्ने कि सहुलियत दिने ? किसानलाई उत्पादनको वातावरण, सिँचाइ, मल, बीउ प्रदान गर्नुपर्ने कि करले डाम्नुपर्ने ? आजका अर्थमन्त्रीले हिजो प्रतिपक्षमा रहँदा यो कृषि कर किसानमारा छ भनेर चर्को विरोध गर्नुभएको मलाई स्मरण छ । कृषिमन्त्रीले हिजो जवाफ दिनुभयो – "रासायनिक मल कारखाना प्रदेशले स्थापना गर्ने होइन ।" के गर्ने त किसानका लागि प्रदेशले ? आश्वासनमा ८ – ९ वर्ष त बितिसक्यो । प्राङ्गारिक मल कारखानाको कार्यान्वयन पनि नारा र कागजमै सीमित छ ।

उत्पादन रोकेर प्रदेश आम्दानीको स्रोत सबै घरजग्गा कारोबार, गिट्टी बालुवा, दहत्तर बहत्तरजस्ता प्राकृतिक स्रोतको दोहनलाई बढाउने प्रदेशको कर व्यवस्था गलत छ । कर छुटको व्यवस्था ढुकुटी कमजोर बनाउने खेल नै हो । यतातिर प्रदेश सरकार नीतिगत रूपमै किन यति खुकुलो ? प्रश्न उठिरहेको छ ।

प्रदेशले आम्दानीको स्रोत या दायरा उत्पादन, ससाना उद्योग, साना विद्युत् उत्पादन, पर्यटन र सेवा क्षेत्रबाट खोज्नुपर्छ । विदेशी विलासिताका सामानमा कर, स्वदेशमै भएका वस्तुलाई प्राथमिकता र आयातीत वस्तुमाथि करको दायरा विकास मननीय छ ।

(बाग्मती प्रदेशसभा सदस्य सृजना सैँजूले प्रदेशसभाको बजेट अधिवेशन २०८३ को क्रममा गत असार २० गते खर्च कटौती र प्रदेश कर विध्ययेकमाथि छलफलमा राख्नुभएको विचारको सम्पादित अंश)

बङ्गलादेशी राष्ट्रपतिको दुई वर्षअगावै राजीनामा किन ?

✍ **देवदत्त चक्रवर्ती**

बङ्गलादेशी राष्ट्रपति मोहम्मद साहबुद्दिनले शुक्रबार पदबाट राजीनामा दिए । शुक्रबार दिउँसो पत्रकारसँग कुरा गर्दै साहबुद्दिनले आफूले राजीनामा दिन लागेको बताएका थिए । 'यो कुरा पहिल्यै थाहा भएको विषय हो । त्यसैले, अहिले मैले भनेर केही फरक पर्ने होइन । म बिरामी भएकाले मैले राजीनामा दिएको हुँ,' उनले भने । तथापि, उनको राजीनामाको कारण स्वास्थ्य मात्र नभएको जानकारहरू बताउँछन् । विशेषत: पूर्वप्रधानमन्त्री सेख हसिना र हसिनाको पार्टी अबामी लिगसँग साहबुद्दिनको घनिष्टताका कारण उनीमाथि पहिलेदेखि नै राजीनामाको दबाब थियो । अहिले उनले त्यसलाई थेग्न सकेनन् ।

साहबुद्दिनको राजीनामा यस्तो समयमा आएको हो, जब सेख हसिनाले दुई वर्ष लामो भारत निर्वासनपछि भर्खरै बङ्गलादेश फर्कने घोषणा गरेकी छिन् । हसिनाको अनुपस्थितिमै अदालतले उनलाई मृत्युदण्डको सजाय सुनाएको छ ।

बिबिसी बङ्गलाले विभिन्न स्रोत उद्धृत गर्दै प्रसारण गरेको रिपोर्टअनुसार साहबुद्दिनमाथि पछिल्लो समय सत्तारुढ बङ्गलादेश नेसनालिस्ट पार्टी (बिएनपी) बाट राजीनामा दिन दबाब बढाइएको थियो । साहबुद्दिन अप्रिल २०२३ मा तत्कालीन सत्तारुढ पार्टी अबामी लिगका तर्फबाट राष्ट्रपति चुनिएका थिए । तर, उनी राष्ट्रपति चुनिएको एक वर्षपछि अगस्ट २०२४ मा युवा नेतृत्वमा उठेको विद्रोहका कारण सेख हसिना प्रधानमन्त्री पदबाट अपदस्थ भइन् । आन्दोलनपछि कामचलाउ सरकार गठन भएदेखि राष्ट्रपति र सरकारबिचको सम्बन्ध सहज रहेन ।

बङ्गलादेशको प्रमुख पत्रिका 'प्रोथोम आलो' ले शीर्षस्थ स्रोतहरूलाई उल्लेख गर्दै बिहीबार पहिलोपटक साहबुद्दिनले पदबाट राजीनामा दिन लागेको समाचार लेखेको थियो । साहबुद्दिनले राजीनामा दिएको अवस्थामा अब बङ्गलादेशको संविधानअनुसार ९० दिनभित्र नयाँ राष्ट्रपतिको निर्वाचन हुनुपर्छ । देशको संविधानअनुसार अब नयाँ राष्ट्रपति निर्वाचित भएर शपथ ग्रहण नगरेसम्म संसद्का सभामुख हाफिज उद्दिन अहमदले कार्यवाहक राष्ट्रपतिको जिम्मेवारी सम्हाल्नेछन् । अहमद शुक्रबार नै बैङ्ककबाट ढाका फर्किएका थिए । उनी जुलाई १९ मा उपचारका लागि बैङ्कक गएका थिए । उनको फिर्ती आइतबारका लागि निर्धारित थियो । तर, सम्भवत: राष्ट्रपति पद खाली हुने सम्भावनाबारे जानकार भएर नै होला, उनी आफ्नो यात्रा दुई दिन छोट्याएर स्वदेश फर्किए । सत्तारुढ 'बङ्गलादेश राष्ट्रवादी पार्टी (बिएनपी) सँग अहिले संसद्मा दुईतिहाइ बहुमत छ । यस्तोमा अब बिएनपीनिकट व्यक्ति नै

नयाँ राष्ट्रपति निर्वाचित हुने सम्भावना छ । प्रोथोम आलोका अनुसार बिएनपीका वरिष्ठ नेताबिच केही समयदेखि साहबुद्दिनको उत्तराधिकारीका रूपमा सम्भावित उम्मेदवारबारे छलफल हुँदै आएको छ ।

अप्रिल २४, २०२३ मा बङ्गलादेशको २२ औँ राष्ट्रपति बनेका साहबुद्दिनको कार्यकाल संविधानको पाँचवर्षे समायावधिअनुसार अप्रिल २०२८ सम्म रहनुपर्ने थियो । तर, देशको राजनीतिक अवस्था परिवर्तनका कारण उनले निर्धारित समयभन्दा लगभग दुई वर्षअगाडि नै पद त्यागनुपरेको हो ।

जुलाई-अगस्ट २०२४ को जनआन्दोलनमा सेख हसिना सरकार ढलेदेखि नै साहबुद्दिनलाई राष्ट्रपतिमा निरन्तरता दिन नहुनेबारे बहस सुरु भएको थियो । यो वर्ष फेब्रुअरीमा सम्पन्न आमनिर्वाचनमा बिएनपीले अभूतपूर्व जित हासिल गरेपछि बहसले थप बल पायो । मुहम्मद युनुसको नेतृत्वमा रहेको १८ महिने अन्तरिम सरकारको शासन अवधिमा राष्ट्रपति कार्यालय र युनुस सरकारबिच सम्बन्ध अत्यन्त तनावपूर्ण रहेको बताइन्छ । तर, अस्थायी सरकार प्रमुख भएकाले त्यतिबेला युनुसले राष्ट्रपतिलाई हटाउन सकेनन् ।

फेब्रुअरीको चुनावबाट स्थायी सरकारले शपथ लिएपछि नै साहबुद्दिनले बङ्गाली पत्रिका 'कालेर कन्ठो' सँग अन्तर्वार्ता दिँदै युनुस र विद्यार्थी आन्दोलनबाट उदाएका नेताहरूले १८ महिनाको संक्रमणकालमा आफूलाई असंवैधानिक रूपमा हटाउने प्रयास गरेको आरोप लगाए । उनले आफू संवैधानिक रूपमा निर्वाचित राष्ट्रपति भएकाले यो षड्यन्त्रले मुर्तरूप पाउन नसकेको पनि बताए । त्यस्तै, अन्तरिम सरकारको १८ महिने कार्यकालमा युनुससँग लगभग एकपटक पनि प्रत्यक्ष सम्पर्क नभएको बताउँदै यसबाट राष्ट्रपति कार्यकालको अपमान भएको उनले आरोप लगाए । साहबुद्दिनले त्यसअघि डिसेम्बर २०२५ मा पनि समाचार एजेन्सी 'रोयटर्स' लाई उस्तै भाषामा अन्तरिम सरकारप्रति असन्तुष्टि जनाउँदै आफूप्रति भएको उच्च 'अपमान'का कारण बिचमा राजीनामा दिनेबारे पनि सोचेको बताएका थिए ।

यद्यपि, बङ्गलादेशमा राष्ट्रपति पद धेरै हदसम्म औपचारिक पद मात्र हो, जहाँ वास्तविक कार्यकारी शक्ति प्रधानमन्त्री र मन्त्रिपरिषद्मा निहित छ । तथापि, अगस्ट २०२४ मा विद्यार्थी आन्दोलनबाट सेख हसिना देश छाडेर भागेपछि र संसद् विघटन भएकाले राष्ट्रपति पदले अचानक असाधारण महत्त्व ग्रहण गरेको थियो । त्यतिबेला, साहबुद्दिनले देशको एक मात्र बाँकी रहेको शीर्षस्थ संवैधानिक पदको प्रतिनिधित्व गरेका थिए । तारिक रहमान सरकारका गृहमन्त्री सलाहुद्दिन अहमदले राष्ट्रपतिको राजीनामाबारे टिप्पणी गर्दै आफ्नो सरकारले राष्ट्रपतिको राजीनामा नमागेको र संविधानले राष्ट्रपतिलाई इच्छाअनुसार राजीनामा दिन अनुमति दिएको बताए ।

(चक्रवर्ती दक्षिण एसियाली मुलुकको विदेश नीति तथा क्षेत्रीय कूटनीतिबारे लेख्छिन् ।)

- द प्रिन्टबाट

जोखाङकी नाची

● अन्ना लुइस स्ट्रङ

(पश्चिमी सञ्चारमाध्यमहरूमा तिब्बतसम्बन्धी विषयलाई निकै गलत ढङ्गले प्रचार हुँदै आएको छ । 'चीनले स्वतन्त्र तिब्बतमाथि कब्जा जमाएको', 'चिनियाँ जनमुक्ति सेनाले तिब्बतीहरूमाथि दुर्व्यवहार गरेको', 'तिब्बती जनताका नेता दलाइ लामालाई पदच्युत गरेको' जस्ता समाचार उनीहरू प्रचार गर्छन् । के साँच्चै 'स्वतन्त्र' तिब्बतमाथि चीनले कब्जा जमाएको हो ? तिब्बती स्वर्गलाई जनमुक्ति सेनाले नर्क बनाएको हो ? जनताको शासनविरुद्ध असफल विद्रोह गरेर दलाइ लामा भागेका हुन् कि उनलाई पदच्युत गरिएको हो ? आदि प्रश्नका विस्तृत उत्तर प्रसिद्ध अमेरिकी महिला पत्रकार अन्ना लुइस स्ट्रङको पुस्तक 'When Serfs Stood Up in Tibet' मा पाउन सकिन्छ । यो पुस्तक सन् १९६० मा प्रकाशित भएको हो ।)

१३ जना लामाहरू तिनीहरूको इच्छाअनुसारै ल्हासा माध्यमिक विद्यालयमा पढ्न गए । तीमध्ये तीनजनाले बिहे गरिसके ।

जोखाङ बसाइँ अवधिभर कसैले प्रेम प्रस्ताव राख्यो कि भन्ने प्रश्नमा नाचीले "छैन, मेरो पहिलै केटा साथी छ" भनी बताइन् । उनी जनमुक्ति सेनामा सैन्य नियन्त्रणमा कार्यरत रहेको र बच्चै बेलैदेखि चिनजान रहेको बताइन् । सेप्टेम्बरमा जोखाङको काम सकेपछि बिहे गर्नु उचित हुन्छ भन्ने साथीहरूको राय भए पनि तिनी पहिले भूमिसुधारका लागि काम गर्न चाहन्छिन् । "मठहरूमा भूमिसुधार व्यवस्थित नगरेमा भूमिसुधारमा ठुलो प्रभाव पर्नेछ । व्यक्तिगत रूपमै पनि पछि गएर मैले किसान र महिलाहरूबिचमै काम गर्नुपर्छ । जोखाङमा काम सिद्धिए पनि भूमिसुधार नसिद्धिएसम्मका लागि मलाई गाउँको कार्यमा खटाउने आशा लिएकी छु"- नाचीले भनिन् ।

नाचीसँगको भेटको बिचमा ल्हासाको दक्षिणमा म 'बसोबास समिति' (Inhabitants' Committee) हेर्न गएँ । पहिलेका नगरपालिका, सरकार, सामन्ती, भ्रष्टाचारी र विद्रोहीसितको साठगाँठ भएको हुँदा विघटन भयो । अस्थायी सैनिक मुख्यालयअन्तर्गत सहरका स्थानीय गन्यमान्य र अनुभवी व्यक्तिहरू राखेर नगरपालिका आयोग गठन गरियो । यसका उपप्रमुख सुइको (Tsuiko) प्रगतिशील खान्दानी हुन् र कासागका सचिव पनि हुन् । ३५,००० जनसङ्ख्या भएको ल्हासालाई उत्तर, दक्षिण, पूर्व र पश्चिम र थप दुईवटा उप-वडाहरूमा विभाजन गरियो ।

प्रत्येक सहरी वडाहरूमा 'कार्य समिति' ले काम गरिरहयो । नाचीको समूहले लामाहरूको समिति बनाउन मद्दत गरेजस्तै जीवनस्तर उकास्ने उद्देश्यले वडाहरूमा 'बसोबास समितिहरू' बने । ल्हासा सहरमा यस्ता 'बसोबास समितिहरू' २७ वटा बने ।

दक्षिणको वडामा पत्रकार टोली 'बसोबास समिति' नं. ६ मा गयो । त्यसका अध्यक्ष पिन्टसो (Pintso) ले यसका सदस्यहरूलाई 'बसोबास समिति' 'राज्य शक्ति' (State power) होइन र कहिल्यै 'राज्यसत्ता' बन्ने आशा पनि गर्दैन । तर, छिमेकीपनको विकास गर्नको लागि नागरिकहरूको सङ्घको रूपमा रहिरहनेछ भन्ने बताए । 'साँच्चिकै यसले 'राज्यसत्ता' बन्न र लागू गर्न सहयोग गर्नेछ' उनले भने । अशिक्षित र भर्खर भर्खरै राजनीतिको अनुभव लिएका तिब्बतीहरूका लागि उनको व्याख्याले सुस्पष्ट पार्थ्यो ।

राज्यले चलाएको ३ वटा प्राथमिक र १ वटा माध्यमिक विद्यालयहरू ज्ञानबाट भोकाएका तिब्बतीहरूका लागि अपर्याप्त भएपछि बसोबास समितिले ३५ वटा रात्री कक्षा सञ्चालन गऱ्यो । 'बसोबास समिति' को माध्यमबाट नागरिकहरूले प्रजातान्त्रिक राजनैतिक जीवनबारे चेतना पाए र 'राज्यसत्ता' सँगको तिनीहरूको सम्बन्धको बारेमा बुझ्दै गए । राज्यले भोकाएका बेरोजगारहरूलाई 'राहत खाद्यान्न' र किसानहरूलाई बिनाब्याज ऋणमा बीउबिजन वितरण गऱ्यो र युद्धमा क्षति पुगेका संरचनाहरूको पुनर्निर्माण गऱ्यो । नयाँ बाटाहरू निर्माण गऱ्यो ।

'पुनर्वास समिति' १९५९ अप्रिलमा विद्रोह जितेको दुई हप्तापछि गठन भएको थियो । यसमा २९८ परिवार समेटिएका थिए । लिङकोर (Lingkor) को खेर गएको जग्गामा दयनीय भुत्रो पाल टाँगेर बसेका मानिसहरूलाई यसले बास, रोजगारी र राहत बीउ दिएर स्थापित गऱ्यो । ल्हासाका केही वडाहरूमा नयाँ घरहरू निर्माण गऱ्यो भने घरबारविहीनहरूलाई विद्रोहीहरूको भाडाका घरहरू, भारतमा भागेका विद्रोहीहरूको घरमा राखेको थियो ।

भागेका विद्रोहीहरूको घरहरूको स्वामित्व परिवर्तन गर्ने अधिकार नभए पनि विद्रोहपछि घरभाडा तिर्न बन्द गरियो, साना-तिना मर्मतहरू आ-आफैले गरे पनि ठुलै मर्मतका लागि भने सैनिक मुख्यालयको सहयोग लिइयो । प्रजातान्त्रिक सुधारको कार्य पूरा भएपछि र तिब्बती जनताले तिनीहरूको नयाँ स्वायत्त प्रदेश र स्थायी सरकार बनाएपछि घरको स्वामित्वको बारेमा निर्णय हुने नै छ ।

'बसोबास समिति' को दोस्रो मुख्य काम खेर गइरहेको खेतीयोग्य जग्गाबाट

विवाह गर्न तयार युवा लामा लोब्साङ तेले

असहाय महिला जोरवाङको ढोकामा

लाभ प्राप्त गर्नु हो । तिनीहरूले त्यसलाई घेरा हालेर तरकारी बारी गरे, बारीको वरपर रुखहरू रोपे, सडक वरिपरि पनि रुख रोपे; बारी र रुखमा पानी दिन सिँचाइको लागि कुलो खने । सार्वजनिक चर्पीहरू बनाए र पालैपालो सडक र आँगनलाई सफासुग्घर गरे ।

'बसोबास समितिले तयार पारेको प्रतिवेदनअनुसार पहिलेको सरकार हुँदा नागरिकहरू शिर उठाएर हेर्न सक्दैनथे । कासागले नै हरेक हस्तकलाको प्रमुख नियुक्त गर्दथ्यो र तिनीहरू कामदारहरूलाई मनलागी ढङ्गले कुटपिट गर्ने लफङ्गाहरू थिए । उच्च भारदारका अतिरिक्त ठुला चाडपर्वमा तीन हप्ताका लागि ड्रिपुङ (Drepung) का लामाहरूले नगरपालिका सम्हाल्दा उच्च करहरू लगाउन्थे । तिनीहरूले ६० भन्दा बढी नयाँ करहरू लगाउँथे । महिलाहरूलाई एउटाभन्दा बढी क्लिप लगाएमा कर लाग्दथ्यो । कसैले छालाको जुत्ता लगायो भने पनि कर तिर्नुपर्थ्यो । कसैले कुकुर वा बिरालो पालेमा कर लाग्थ्यो र कुकुरको घाटीमा घण्टी झुण्ड्याएमा पनि कर लाग्थ्यो । हरेक फूलदानीमा कर लाग्थ्यो । कसैको घरको आँगन तथा बाटोमा हिउँ परे, त्यस हिउँको पनि कर तिर्नुपथ्यो । यदि कसैले हिउँ सफा गरेमा बाटो भिजेकोमा कर लाग्थ्यो । यदि कसैले कर तिरेको अर्धकट्टी नदेखाएमा उसलाई कडा सजाय वा ठुलो जरिवाना लाग्थ्यो ।'

'पुरानो नगरपालिका सरकारले विद्रोह गर्न मद्दत गरेको थियो । मार्च १० को दिन त्यसले रत्न बर्गैंचाको सैनिक क्षेत्रको भवनमा प्रवचन गरिरहेका दलाइ लामालाई हानहरूले अपहरण गर्न सक्ने भएकाले उनलाई बचाउन त्यहाँ पुग्नुपर्ने आदेश तिब्बतीहरूलाई दियो । विद्रोहीहरूको भेलामा नजाने महिलाहरूलाई ५० टेल (taels-तिब्बती मुद्रा) र हस्तकलामा काम गर्ने मानिसहरूका लागि ५०० टेल जरिवाना लाग्थ्यो । पछि नगरपालिका सरकारले १६-६० वर्ष उमेरका सबै मानिसहरूलाई जबरजस्ती विद्रोहमा पठायो र जान अस्वीकार गर्नेहरूलाई सजाय दियो । तिनीहरूले धर्मको रक्षा गर्न र तिब्बती राष्ट्रको रक्षाको निम्ति भनेको हुँदा पहिले धेरै मानिसहरू सहभागी भए । तर, पछि तिनीहरूले विद्रोही आफैले पवित्र धार्मिक ठाउँहरूलाई युद्धभूमि बनाएको र भिक्षुणीहरूलाई बलात्कार गरेको तथा नागरिकहरूको आँखा फोडेको देखे । 'त्यसैले मानिसहरूले खान्दानीहरू र कासागले तिब्बती जनतालाई धेरै सताएको देखे' -पर्वु (Parbu) ले बताए । 'अहिले तिब्बती जीवन राम्रो छ र त्यसो हुनुको कारण खान्दानीहरू नभई कम्युनिस्टहरू हुनु हो ।'

पर्वुले बताएअनुसार कासागका १५ जना खान्दानीहरूमध्ये ६ जनाले विद्रोहमा भाग लिएनन्, ३ जना प्रगतिशील, एकजना साम्ह बिरामी र ६ जना कार्यालयमा नोकरी गर्छन् । यी खान्दानीहरू पहिलेजस्तै नै बसेका छन् र तिनीहरूको घरलाई केही गरिएको छैन ।

नौजना खान्दानीहरूले विद्रोहमा सक्रिय भाग लिए । तीमध्ये ३ जना भारतमा भागे र ६ जना लडाइँमा पक्राउ परे । एकजनालाई पछि पेचिङमा रहेको दलाई लामाको कार्यालय रम्बा (Ramba) ले सफाइ दिएकोले छाडिएको छ । छिमेकमा बसेका विद्रोहीका परिवारहरूलाई सताइएको छैन । कार्यालयमा नोकरी गर्ने खान्दानीहरूको परिवार तिनीहरूसित बस्दैनन् । सारोङ (Tsarong) जस्तै तिनीहरूका घरहरू 'पुनर्वास समिति' ले स्थानीय बासिन्दाको लागि प्रयोग गरिरहेको छ ।

दक्षिणको वडामा पनि 'सङ्घर्ष बैठक' बसेर दुईजना खान्दानीहरू र दुईजना लठैतहरूलाई मुद्दा चलाइयो । छिमेकमा बस्ने अर्का ठुला विद्रोही सारोडलाई पोतालाको आत्मसमर्पणमा समातेको हो । तिनका दासहरूले 'सङ्घर्ष बैठक' को माग गरे तर तिनी ७० वर्षका बुढा भइसकेका थिए र बैठक हुनुअघि नै तिनको मृत्यु भयो ।

मानिसहरूले अन्य ६ जना खान्दानीहरूविरुद्ध 'सङ्घर्ष बैठक' को माग राखे पनि बैठक गरिएन । 'तीन कुराको उन्मूलन' झण्डै उस्तै भएकोले अब थप 'सङ्घर्ष बैठक' को आवश्यकता पर्दैन भनी पर्वुले बताए । 'सङ्घर्ष बैठक' को उद्देश्य खान्दानीहरूलाई सजाय दिनु नभई जनतालाई तिनीहरूले पहिले पाएको दुःखको कारणबारेमा बताएर जनताको शक्तिको बारेमा चेतना जगाउनु हो ।

'बसोबास समिति' मा हरेक मानिसको भिन्नाभिन्नै आत्मकथाहरू छन् । तीमध्ये केहीका कथाहरू अरुको भन्दा सुनाउनैपर्ने छन् ।

३६ वर्षीय लान्दो (Lando) एक घरेलु दासका परिवारमा जन्मेकी थिइन् । उनी आठ वर्षकी हुँदा तिनका बुबालाई पक्षघात भयो । खाटबाट उठ्नै नसकेको तिनको बुबालाई काममा नआएको हुँदा मालिकले सजाय दियो । त्यसबाट उनको बुबाको मृत्यु भयो । मालिकले बुबाको मृत्युपछि तिनका आमालाई घोक्र्याएर निकाल्यो र तिनलाई दास बनाउन तानेर लग्यो । तिनी सुतेको गोठमा तिनको पटक-पटक बलात्कार भयो । तिनी दुई जिउकी भएपछि तिनलाई अचेत हुने गरी कोर्राले पिट्यो र अर्को मालिकलाई बेच्यो । त्यहाँ पनि तिनी आफ्नै मालिकबाट बलात्कृत भइन् । तिनकी इर्ष्यालु मालिक्नीले तिनलाई खम्बामा झुण्ड्यार बेहोस हुने गरी कुटिन् र तिनलाई बेचिन् । २८ वर्षसम्म लान्दोले यस्तो दुःखकष्ट खेपिन् । तिनले धेरै पटक काल आओस् भनेर पुकारिन् तर तिनी आत्महत्या गर्न डराउँथिन् । अशिक्षित लान्दोले यसबिचमा आफ्नी आमा जिउँदै छिन् कि मरिन् कहिल्यै थाहा पाइनन् ।

'कार्य समिति' ले दासहरूसँगको कुराकानीको क्रममा लान्दोलाई तपाईंलाई कस्तो शोषण भयो भनी सोध्दा तिनले शोषणको अर्थ बुझिनन् । कसैले पनि शोषणको बारेमा बताएनन् तर भाग्यका बारेमा कुराकानी गरे । जेजति भए पनि तिनी आफ्नो कर्मले गर्दा भएको ठान्थिन् ।

त्यसैले 'कार्य समिति' ले साधारण भाषामा तिनलाई सोध्यो, "तपाईंलाई मालिकको कोर्रा लगाएको वा सताएको वा अन्नको बीउ दिएको छ ?" त्यसपछि लान्दोले बुझिन् र तिनले आफ्नो जीवनको कष्टकर दुःखलाई यति राम्रो शैलीमा पोखिन् कि पहिलो 'आलोचना बैठक' मा सबैभन्दा राम्रो वक्ता भइन् । तिनको कुरा सुनेर सबै स्रोताहरू ठुलो स्वरले कराउन थाले, "दासप्रथालाई समाप्त गर ।" विद्रोह रोकेर उत्पादन बढाउने समितिमा तिनी एकमतले चुनिन् ।

लान्दो 'कार्यकर्ता' बनिन् । तिनले भर्खरैमात्र जीवन बाँच्न सुरु गरिन् र जीवन जिएको अनुभव गरिन् । लान्दोले मञ्चो भनी ठानिएको तिनको आमाको खोजी 'कार्यरत समिति' ले गऱ्यो । अहिले दुवैजना सँगै छन् । लान्दोले लेखपढ गर्न सिकिन्, राजनीति पढिन्, कृषिमा सुधार गर्न वा केही काम गर्न सिकिन् । तिनको नयाँ जीवन सुरु गरिदिएको कम्युनिस्ट पार्टीप्रतिको तिनको आस्था शुद्ध र सफा छ ।

मानव समाजमा दासप्रथा र मानवीय चेतना पहिले नै आइसकेको थियो । यो कुरा धेरै मानवीय मूल्य चुकाएर आएको हो । आज तिब्बतमा गरेजस्तो सामाजिक संरचनाको निर्माण कहिलेकाहीँ मात्र हुने गर्छ । नयाँ सचेत दासहरूलाई भेटेपछि मात्रै मैले सैनिक मामिलामा 'कार्य शक्ति' (Task Force) बारे थाहा पाएँ । विशिष्ट कार्य सम्पादनका लागि परिचालन गरिएको हो भन्ने कुरा मैले पूर्ण रूपले बुझेँ । त्यसलाई तिब्बतमा चीनको कम्युनिस्ट पार्टीले पठाएको हो । तिब्बतमा कम्युनिस्टहरू छैनन्, दास र दास मालिकहरू मात्र छन् । त्यसको काम तिब्बतलाई कम्तीमा मानवीय मूल्यमा फेर्नु हो ।

यो काम चाम्दो (Chamdo) मा जितेर अथवा सरकारी आदेश दिएर गर्न सकिने कुरा होइन । आफ्नो जीवनलाई परिवर्तन गर्न खोजिरहेका तिब्बतभरिका मानिसहरूमा चेतना जगाएरमात्र यो काम गर्न सकिन्छ । १९५१ मा सुधारलाई किन लादिएन र आठ वर्षसम्म दासप्रथा किन कायमै रहन दिइयो भन्ने प्रश्नको उत्तर यही नै हो । ३० प्रतिशत खान्दानीहरूको मन जितियो । त्यसैले त तिनीहरूले सरकारलाई आफ्ना सम्पत्तिहरू बेच्न तयार भए । सरकारप्रति तिनीहरूको पूर्ण वा अपूर्ण आस्थाको कारण तथा सरकारमा सहभागिताले शान्तिपूर्ण परिवर्तन सुनिश्चित गरेको हो । दासहरूबाट आस्था र ठुलो भरोसा प्राप्त भयो । 'कार्य समिति' ले एक एक गरेर यी सबै हासिल गरिरहयो । अहिले विद्रोहीहरू पराजित भए ।

आस्थावान खान्दानीहरू, लामाहरूको शिक्षादीक्षा, हस्तकलामा काम गर्ने मानिसहरूको सङ्गठन नयाँ वर्गको रूपमा आ-आफ्नै महत्त्व छ । तर यी सबै कुरा क्रान्तिको तयारी हो । यो काम सहर वरिपरि दासहरूको चेतनाबाट फैलिरहेको थियो ।

स्रोत : तिब्बतका भू-दासहरू उठ्दा

ल्हासामा लिइरहेको चाङ लामाईटै, सन् १९५२ जुन २२

संयुक्त राज्य अमेरिकाको टेक्सास राज्यको अस्टिन सहरमा प्रहरीले गरिरहेको गैरन्यायिक हत्याविरुद्ध प्रदर्शन गर्दै मानव अधिकारवादी समूहका कार्यकर्ताहरू जुलाई २८, २०२६ का दिन । उनीहरूले केही दिनअघि हत्या गरिएका एन्थोनियल विलियम्सको निम्ति न्यायको माग गरेका थिए ।

तस्बिर : मिकाला क्याम्पटन/एपी

संयुक्त राष्ट्रसङ्घद्वारा वेस्ट बैङ्क क्षेत्रमा बढ्दो इजरायली आक्रमणको निन्दा

संयुक्त राष्ट्रसङ्घ, २९ जुलाई (सिन्हुवा) । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले वेस्ट बैङ्क क्षेत्रमा इजरायली बासिन्दाहरूले प्यालेस्टिनी समुदायहरूविरुद्ध गरेको आक्रमणको निन्दा गर्नुभएको छ ।

महासचिव गुटेरेसले कब्जा गरिएको वेस्ट बैङ्कमा प्यालेस्टिनी समुदायहरूविरुद्ध त्यस क्षेत्रमा बस्दै आएका इजरायली नागरिकले गरेको आक्रमणको निन्दा गर्नुभएको हो । इजरायली आक्रमणका क्रममा दुई वटा मस्जिदहरूमा आगलागी, निजी सम्पत्तिको तोडफोड र प्यालेस्टिनी नागरिकलाई लक्षित गरी आक्रमणहरू भएको गुटेरेसका उप प्रवक्ता फरहान हकले बताउनुभएको छ ।

धार्मिक स्थलहरू विरुद्धको आक्रमणहरू घृणित र अस्वीकार्य भएको उल्लेख गर्दै द्वन्द्वको कारण पहिलेदेखि नै अस्थिर अवस्थामा रहेको यस क्षेत्रमा थप द्वन्द्व भड्काउने जोखिम बढेको हकले उल्लेख गर्नुभएको छ । महासचिव गुटेरेसले आक्रमणका जिम्मेवार व्यक्तिहरूलाई यथाशीघ्र पहिचान गरी अन्तर्राष्ट्रिय कानुनअन्तर्गत इजरायलको दायित्वअनुरूप जवाफदेही बनाउन आह्वान गर्नुभएको छ ।

गुटेरेसले इजरायली अधिकारीहरूलाई प्यालेस्टिनीहरू र उनीहरूको सम्पत्ति, धार्मिक स्थलहरूलगायत थप आक्रमणहरू रोक्न र नागरिकहरूको सुरक्षा सुनिश्चित गर्न तत्काल र प्रभावकारी उपायहरू अपनाउन आह्वान गरेको हकले पुष्टि गर्नुभएको छ । महासचिवले सबै पक्षलाई अधिकतम संयमता अपनाइ थप तनाव रोक्न र शान्ति पुन:स्थापना गर्न तत्काल कदम चाल्न आग्रह गरेको उहाँले बताउनुभएको छ ।

पछिल्लो समयमा वेस्ट बैङ्क क्षेत्रमा बसोबास गर्ने इजरायली नागरिकहरूले त्यस क्षेत्रमा बसाबास गर्ने प्यालेस्टिनी समुदायहरूमाथि चरम हिंसाको नयाँ लहर सुरु भएको जनाइएको छ ।

शुक्रबार, नाब्लुसको दक्षिणपश्चिममा भएको हिंसात्मक घटनामा चारजना प्यालेस्टिनी र दुई जना इजरायली नागरिकको मृत्यु हुनुका साथै अन्य धेरै घाइते भएको जनाइएको छ भने प्यालेस्टिनी सम्पत्तिमा ठुलो क्षति भएको मध्यपूर्व शान्ति प्रक्रियाका लागि बाधक बनेको संयुक्त राष्ट्रसङ्घका उपविशेष संयोजक रमिज अलक्बरोभले मङ्गलबार सुरक्षा परिषद्मा बताउनुभएको छ ।

नब्लसनजिकै शुक्रबार भएकोको घटनापछि इजरायलले वेस्ट बैङ्क क्षेत्रमा ठुलो मात्रामा गिरफ्तारी अभियान सुरु गरी कम्तिमा ८० जना प्यालेस्टिनीहरूलाई हिरासतमा लिएको जनाइएको छ ।

मिडिया रिपोर्टका अनुसार आइतबार इजरायली बासिन्दाहरूले वेस्ट बैङ्कका प्यालेस्टिनी गाउँहरूमा आक्रमण गर्नुका साथै दुई वटा मस्जिदहरूमा आगो लगाएको जनाइएको छ ।

इराकमा अमेरिका-साउदीको सयुक्त आक्रमण कम्तीमा दस जनाको मृत्यु : स्रोत

बगदाद, २९ जुलाई (एएफपी) । अमेरिका र साउदी अरेवियाले इराकमा गरेको सयुक्त आक्रमणमा इराकको पूर्व अर्धसैनिक गठबन्धनका कम्तिमा दश जना सदस्यहरूको मृत्यु भएको जनाइएको छ ।

संयुक्त राज्य अमेरिका र साउदी अरेबियाले अमेरिकी सेना र साउदी तेल सुविधाहरूमा इरानले गरेको आक्रमणको प्रतिक्रियामा इराकमा रहेका इरान समर्थित उग्रवादीहरूलाई लक्षित गरी आक्रमण गरेको बताएका छन् ।

आक्रमणहरूको परिणामस्वरूप दश जना कर्मचारीहरूले मृत्यु पुष्टि हुनुका साथै अन्य धेरै जना घाइते भएको जनाइएको छ । आक्रमणका कारण धेरै भौतिक क्षति भएको साउदी अरबीमा हशद अल-शाबी भनेर चिनिने पपुलर मोबिलाइजेसन फोर्स (पिएमएफ) ले विज्ञप्तिमार्फत जनाएको छ ।

पिएमएफका एक अधिकारीलाई उद्धृत गर्दै आक्रमण गठबन्धनसँग सम्बन्धित धेरै प्रान्तहरूमा भएको र निनेभे प्रान्तमा भएको सबैभन्दा घातक आक्रमणमा कम्तिमा १० जना सदस्यहरू मृत्यु भएको र केहीको अवस्था गम्भिर भएकाले मृतकको सङ्ख्या बढ्न सक्ने सम्भावना रहेको एएफपीले जनाएको छ ।

नाम नछाप्ने सर्तमा अधिकारीले अन्य प्रान्तहरूमा पनि मानिसहरू घाइते भएको रिपोर्ट गरिएको जनाएका छन् ।

पिएमएफ जिहादीहरूसँग लड्न सन् २०१४ मा सिर्जना गरिएको अर्ध-सैनिक र गुटहरूको गठबन्धन हो, भने हाल आएर इराकी सशस्त्र सेनामा एकीकृत भएको छ ।

इरान समर्थित समूहहरूसँग गठबन्धन भित्र रहेर काम गर्ने धेरै समूहहरू भएको र यी समूहहरूमध्ये धेरैको आ-आफ्नै तरिकाले काम गर्ने प्रक्रिया रहेको जनाइएको छ ।

पिएमएफले बुधबार जारी गरेको विज्ञप्तिमा, अमेरिका-साउदीको संयुक्त आक्रमणलाई खतरनाक उक्साहट र इराकको आधिकारिक सुरक्षा संस्थाहरूमा आक्रमण भनी वर्णन गरेको छ ।

इराकमा इरान समर्थित समूहहरूलाई दोष दिँदै रियादले आफ्नो सेनाले पूर्वमा तेल सुविधाहरूलाई लक्षित गर्दै ड्रोनहरू रोकेको बताएपछि अमेरिका र साउदीको संयुक्त आक्रमण भएको जनाइएको छ ।

तर, यी समूहहरूले साउदी अरेबियाको आरोपलाई बनावटी भएको उल्लेख गर्दै इराकमा आक्रमण नगर्न चेतावनी दिएका थिए ।

सबैभन्दा सक्रिय इरानसमर्थक सशस्त्र समूहहरू इराकमा इस्लामिक प्रतिरोध भनेर चिनिने गठबन्धनअन्तर्गत एकजुट रहेको जनाइएको छ । जसले मध्यपूर्व युद्धको समयमा तेहरानको समर्थनमा हस्तक्षेप गर्नुका साथै इराकी क्षेत्रमा रहेका अमेरिकी आधारहरूविरुद्ध सयौँ आक्रमणहरू दाबी गरेको छ ।

यद्यपि, चालु महिनाको सुरुमा अमेरिका र इरानबिच शत्रुता पुन: सुरु भएदेखि उनीहरूले कुनै पनि आक्रमणको दाबी गरेका छैनन् ।

यसअघि वासिङ्टन र तेहरान इराकका मुख्य सहयोगी हुन्, तर उनीहरूको बिचमा उत्पन्न भएको क्षेत्रीय शत्रुताले लामो समयदेखि इराकलाई युद्ध भूमिमा परिणत गरेको छ भने लगातार सरकारलाई शत्रुहरूबिच नाजुक सन्तुलन कायम गर्न सङ्घर्ष गरिरहेको छ ।

बढ्दो अमेरिकी दबाबको बिचमा, वासिङ्टनको समर्थन लिएर यस वर्ष सत्तामा आएका इराकका नयाँ प्रधानमन्त्री अली अल-जैदीले इरान समर्थक सशस्त्र समूहहरूले आफ्ना हतियारहरू हस्तान्तरण गर्ने सुनिश्चित गर्ने प्रतिबद्धता गरेको भए तापनि केही शक्तिशाली गुटहरूको दबाबको सामना गर्नुपरेको जनाइएको छ ।

हसिनाको स्वदेश फर्किने घोषणा

नयाँदिल्ली, २९ जुलाई (एएफपी) । बङ्गलादेशकी पूर्वप्रधानमन्त्री शेख हसिनाले आफ्नो ज्यान जोखिममा पर्न सक्ने, पक्राउ पर्ने वा जेल जानुपर्ने सम्भावना रहे पनि यही वर्षको डिसेम्बरसम्म स्वदेश फर्किने दृढ अडान व्यक्त गर्नुभएको छ । भारतमा निर्वासनमा रहँदै आउनुभएकी उहाँले आफूलाई बङ्गलादेश फर्किन जनताले निरन्तर आग्रह गरिरहेको बताउनुभएको छ ।

एएफपीसँग इमेलमार्फतको अन्तर्वार्तामा ७८ वर्षीया हसिनाले आफ्नो भविष्यबारे पूर्ण रूपमा जानकार रहेको उल्लेख गर्दै त्यसका बाबजुद मातृभूमि फर्किने निर्णयबाट पछि नहट्ने बताउनुभयो । उहाँले आफ्नो ज्यान जान सक्ने, पक्राउ पर्न सक्ने वा जेल सजाय भोग्नुपर्ने अवस्था आउन सक्ने भए पनि त्यसका लागि आफू तयार रहेको धारणा व्यक्त गर्नुभयो ।

विद्यार्थी नेतृत्वको आन्दोलनका कारण सन् २०२४ को अगस्टमा उहाँको १५ वर्ष लामो शासन अन्त्य भएपछि भीडले प्रधानमन्त्री निवास घेरेको थियो । त्यसपछि उहाँ हेलिकोप्टरमार्फत भारत आउनुभएको थियो । संयुक्त राष्ट्रसङ्घका अनुसार आन्दोलन दबाउन गरिएको सरकारी कारबाहीमा करिब एक हजार चार सय जनाको मृत्यु भएको थियो ।

गत नोभेम्बरमा ढाकास्थित एक अदालतले मानवताविरुद्धको अपराधसम्बन्धी मुद्दामा हसिनालाई दोषी ठहर गर्दै मृत्युदण्डको फैसला सुनाएको थियो । हसिनाले उक्त निर्णयलाई कानुनको आवरणमा गरिएको राजनीतिक प्रतिशोधको संज्ञा दिनुभएको छ ।

भारतमा गोप्य स्थानमा बसोबास गरिरहनुभएकी हसिनाले आफूलाई स्वदेश फर्किन कुनै बाह्य दबाब नभएको बताउनुभयो । उहाँका अनुसार ढाकाले भारतसँग आफ्नो सुपुर्दगी माग गरे पनि आफ्नो स्वदेश फर्कने निर्णय त्यससँग सम्बन्धित छैन । भारतीय अधिकारीहरूले प्रत्यर्पणबारे आफूसँग कुनै छलफल नगरेको र भारतमा सम्मानपूर्वक बसिरहेको उहाँले उल्लेख गर्नुभयो ।

हसिनाको बहिर्गमनपछि बनेको अन्तरिम प्रशासनका कारण केही समय चिसिएको भारत-बङ्गलादेश सम्बन्ध फेब्रुअरीमा तारिक रहमान प्रधानमन्त्री बनेपछि क्रमश: स्थिर हुँदै गएको बताइएको छ ।

मानवअधिकार सङ्गठनहरूले हसिनाको शासनकालमा विपक्षीमाथि दमन, गैरन्यायिक हत्या, राजनीतिक हस्तक्षेप तथा विवादास्पद निर्वाचन गराएको आरोप लगाउँदै आएका छन् । तर, हसिनाले ती आरोपलाई राजनीतिक उद्देश्यले सिर्जना गरिएको अभियानको संज्ञा दिँदै प्रत्येक आरोपपछि अनुसन्धान गरिएको र दोषीमाथि कानुनी कारबाही भएको दाबी गर्नुभयो ।

उहाँले विद्यार्थी आन्दोलन दमनका क्रममा अत्यधिक बल प्रयोग गरिएको आरोप पनि अस्वीकार गर्नुभयो । आफ्नो सरकारले धैर्यका साथ आन्दोलनलाई शान्तिपूर्ण समाधानतर्फ लैजान प्रयास गरेको दाबी गर्दै उहाँले उक्त आन्दोलन सामान्य विद्यार्थी प्रदर्शन मात्र नभई योजनाबद्ध राजनीतिक अभियान भएको आरोप लगाउनुभयो ।

भारतमा हालै विद्यार्थी नेतृत्वमा भएका विरोध प्रदर्शनबारे टिप्पणी गर्न उहाँले अस्वीकार गर्नुभयो । साथै, बङ्गलादेशमा प्रभावकारी रूपमा प्रतिबन्धमा परेको आफ्नो अवामी लिग पार्टीमार्फत स्वदेश फर्किएपछि पुन: सक्रिय राजनीति गर्ने वा नगर्नेबारे पनि स्पष्ट जवाफ दिनुभएन ।

उहाँले आफ्नो लक्ष्य सत्ता प्राप्ति नभई जनताको सेवा रहेको बताउनुभयो । आन्दोलनका क्रममा ज्यान गुमाएका सबै परिवारप्रति सहानुभूति रहेको उल्लेख गरे पनि उहाँले माफी माग्न अस्वीकार गर्नुभयो । आन्दोलनका क्रममा सरकारले लिएका निर्णयप्रति पछुतो लागेको हो वा होइन भन्ने प्रश्नमा उहाँले राज्यका निर्णय कुनै एक व्यक्तिले मात्रै नगर्ने भएकाले सम्पूर्ण परिस्थितिलाई अलग गरेर मूल्याङ्कन गर्न नमिल्ने प्रतिक्रिया दिनुभयो ।

जापानमा शक्तिशाली भूकम्प, १३ जनाको मृत्यु

कुमामोतो (जापान), २९ जुलाई (एएफपी) । जापानको दक्षिणपश्चिमी क्युसु टापुको कुमामोतो प्रान्तमा मङ्गलबार आएको शक्तिशाली भूकम्पमा परी कम्तीमा १३ जनाको मृत्यु भएको छ भने दर्जनौँ घाइते भएका छन् । भूकम्पका कारण सपिङ मल, औद्योगिक प्रतिष्ठान, सडक, पुल तथा ऐतिहासिक संरचनामा व्यापक क्षति पुगेको छ । हजारौँ घरमा विद्युत् सेवा अवरुद्ध भएको छ भने उद्धार तथा राहत कार्य तीव्र रूपमा जारी रहेको अधिकारीहरूले बुधबार जानकारी दिएका छन् ।

स्थानीय समयअनुसार मङ्गलबार अपराह्न ४:२७ बजे आएको भूकम्प जापानको सिन्डो स्केलमा उच्चस्तरमा मापन गरिएको थियो । अमेरिकी भूगर्भ सर्वेक्षण (युएसजीएस) ले यसको तीव्रता ६.८ म्याग्निच्युड र केन्द्रबिन्दुको गहिराइ १० किलोमिटर रहेको जनाएको छ भने जापानी अधिकारीहरूले यसलाई ७.१ म्याग्निच्युडको भूकम्प बताएका छन् ।

जापानका सम्बन्धित अधिकारीहरूले मृत्यु हुने सबै व्यक्तिको मृत्यु प्रत्यक्ष रूपमा भूकम्पकै कारण भएको हो वा होइन भन्ने विषयमा अझै पुष्टि भइरहेको बताएका छन् । प्रारम्भिक विवरणअनुसार सात जना गम्भीर घाइते भएका छन् भने अन्य घाइतेहरूको उपचार भइरहेको छ ।

सबैभन्दा ठुलो क्षति कासिमा सहरस्थित एउटा सपिङ मलमा भएको छ । सरकारी स्रोतका अनुसार भूकम्पपछि ग्यास विस्फोट हुँदा भवनको छाना र पर्खाल भत्किएका थिए । मल सञ्चालक कम्पनी एओनका प्रवक्ताले ग्राहक र कर्मचारीलाई सुरक्षित रूपमा बाहिर निकालिएपछि विस्फोट भएको जानकारी दिए ।

स्थानीय प्रशासनका अनुसार मलबाट आठ जनाको उद्धार गरिएको छ । तीमध्ये पाँच जना घाइते भएका छन् । प्रारम्भिक अनुमानमा २० देखि ३० जना भवनभित्र फसेको आशङ्का गरिएको भए पनि प्रहरीले वास्तविक सङ्ख्या त्योभन्दा कम रहेको जनाएको छ । भवनभित्र अझै केही कर्मचारी फसेको पुष्टि भए पनि उद्धार टोलीले सुरक्षित प्रवेश मार्ग बनाउन नसकेकाले उद्धार कार्य चुनौतीपूर्ण बनेको छ ।

यात्सुशिरोस्थित निप्पोन पेपर इन्डस्ट्रिजको कारखानामा पनि ठुलो क्षति पुगेको छ । कारखानाको धुवाँ निकाल्ने संरचनाको एक भाग भत्किएको छ भने स्थानीय सरकारले त्यहाँ कार्यरत नौ जनाको अवस्थाबारे अझै जानकारी प्राप्त हुन नसकेको जनाएको छ ।

भूकम्पका कारण कुमामोतो क्षेत्रमा आगलागी, भवन भत्किने, सडक चर्किने, पुलमा क्षति पुग्ने तथा मालवाहक रेल पल्टिने घटना भएका छन् । एउटा पैदल यात्रु पुलको एक भाग भत्किएर नदीमा खसेको अधिकारीहरूले बताएका छन् । कुमामोतो विमानस्थल केही घण्टा बन्द गरिएपछि पुन: सञ्चालनमा ल्याइएको छ भने सिङ्कानसेन उच्चगतिको रेल सेवा अस्थायी रूपमा स्थगित गरिएको थियो । धेरै सडक अझै बन्द छन् ।

बुधबार बिहानसम्म कुमामोतो क्षेत्रमा ३६ हजार ८८० घर तथा अन्य संरचनामा विद्युत् आपूर्ति अवरुद्ध रहेको छ । जापानी रक्षा मन्त्रालयले विपद् व्यवस्थापन तथा उद्धार कार्यका लागि तीन हजार ६०० सैनिक परिचालन गरेको छ । क्षतिको हवाई मूल्याङ्कन गर्न २० वटा सैन्य विमानसमेत परिचालन गरिएको मन्त्रालयले जनाएको छ ।

भूकम्पका बेला कुमामोतोस्थित कार्यालयमा कार्यरत ३५ वर्षीया चिहारू हाराले कार्यालय निकै तीव्र रूपमा हल्लिँदा भवन नै ढल्ने हो कि भन्ने डर लागेको बताउनुभयो । उहाँका अनुसार कार्यालयमा रहेका सबै कर्मचारी त्रसित बनेका थिए ।

एएफपीले प्रमाणित गरेको भिडियोमा सडकमा गुडिरहेका भारी सवारीसाधन, ट्राफिक बत्ती र सडकबत्ती तीव्र रूपमा हल्लिएको देखिएको छ । कतिपय स्थानमा सडक चर्किएका कारण सवारीसाधन सावधानीपूर्वक सञ्चालन गरिएको थियो । सुरक्षा क्यामेराका दृश्यमा ऐतिहासिक कुमामोतो महलको पर्खालका केही भाग पनि भत्किएको देखिएको छ ।

प्रशान्त महासागरको 'रिङ अफ फायर' क्षेत्रमा अवस्थित जापान विश्वकै सबैभन्दा बढी भूकम्प आउने मुलुकमध्ये एक हो । चार प्रमुख टेक्टोनिक प्लेटको सङ्गमस्थलमा रहेको यस देशमा हरेक वर्ष सयौँ भूकम्प जाने गर्छन् । विश्वभर हुने करिब १८ प्रतिशत भूकम्प जापान वरपरकै क्षेत्रमा आउने वैज्ञानिकहरूको तथ्याङ्क छ ।

सन् २०११ मा जापानमा आएको ९.० म्याग्निच्युडको विनाशकारी भूकम्प र त्यसपछि आएको सुनामीमा करिब १८ हजार ५०० जनाको ज्यान गएको थियो । उक्त विपद्ले फुकुसिमा आणविक विद्युत् केन्द्रमा गम्भीर दुर्घटना निम्त्याएको थियो ।

आत्महत्या रोकथामसम्बन्धी जान्नुपर्ने कुराहरू

✦ डा. धनरत्न शाक्य

आत्महत्या सचेतनाका लागि हर दिन दिवस

आत्महत्या समस्यासम्बन्धी सचेतना, सम्वाद, पैरवी, कार्यक्रम र नीति निर्माणका लागि सन् २००३ देखि सेप्टेम्बर १० मा आत्महत्या रोकथाम दिवस मनाइँदै आएको छ । सञ्जोगले म आफू सन् २००३ देखि नै मानसिक स्वास्थ्य क्षेत्रमा आबद्ध छु । यो समस्या मनोस्वास्थ्य क्षेत्रमा एक अहम् पाटो भएकोले यसमा सुरुदेखि नै केही न केही गर्दै आइरहेको छु । हर दिन आत्महत्यासम्बन्धी अध्ययन, अध्यापन, सेवा र शोध जुनसुकै हिसाबले पनि काम गर्ने दिवस बनोस् भन्ने लाग्छ ।

सुरुदेखि नै आत्महत्याको विषयमा लेख्ने कोसिस रह्यो । सन् २००६ मा यसबारे लेख लेखेको थिएँ । युट्युब र फेसबुकलगायतका सञ्चारमाध्यममा यसबारे सामग्रीहरू पस्कँदै अनलाइन र प्रत्यक्ष कार्यक्रम, प्रवचन, रेडियो, टिभी, पत्रपत्रिकामा जानकारीमूलक अन्तर्वार्ता; विविध तहका विद्यार्थीलाई यस विषयमा कक्षा, अनि हरेक दिन आकस्मिक सेवा, अन्तरङ्ग र बहिरङ्ग सेवामा निरन्तर आत्महत्यासँग सम्बन्धित जानकारी प्रवाह र सेवामा संलग्न हुँदै आएको छु ।

यस विषयमा हाम्रो स्थानीय तथ्याङ्क र जानकारीको लागि विविध अनुसन्धानमा संलग्न भइयो, थेसिस गराइयो, जर्नल आर्टिकल पनि प्रकाशित गरियो । 'आत्महत्या र मनोरोग: हाम्रो दायित्व' पुस्तक लेखी वि.सं. २०६४ मा प्रकाशित गरियो । यस विषयमा समीक्षा गर्छु, विभिन्न मञ्च र फोरमहरूमा सामग्रीहरू पस्किन्छु । बोल्छु, लेख्छु र कतिपय सिर्जना पनि गर्छु । यद्यपि हरेक दिन मानसिक स्वास्थ्य सेवामा आएका आत्महत्याका केसहरूले आफैंलाई गिज्याए जस्तो लाग्छ । आत्महत्यातिर धकेल्ने शत्रुहरू खित्खिताएर अट्टाहास गरेजस्तो लाग्छ । यसबाट बच्ने बचाउने तत्त्व, संयन्त्रहरू कमजोर रहेको महसुस गर्छु । हाम्रा कोसिस, प्रयास र कदमहरू फितलो रहेको देख्छु । सबैको हातेमालोबिना हर प्रयास र कोसिसले मूर्त रूप लिने छैनन् ।

यस्तो महत्त्वपूर्ण विषय आत्महत्यासम्बन्धी सरोकारवालाहरूबिच आत्महत्या रोकथामसम्बन्धी चिकित्साशास्त्र सम्मत् तथ्यहरू राख्ने जमर्को गर्दै छु । मानव जीवनजस्तो अमूल्य कुरा कसैगरी बचाउन यी तथ्यहरू उपयोगी भए भने मेरो कोसिस सफल भएको ठान्नेछु । जसको सरोकारको विषय हो, तिनले नै यसरी समस्याको अपनत्व लिएर जागरूक भई केही गर्दा नै समाधानको सम्भावना हुन्छ । यही मर्ममा हामीले आत्महत्या रोकथामको पवित्र अभियानलाई अगाडि लानुपरेको छ ।

आत्महत्यासम्बन्धी जान्नुपर्ने तथ्यहरूमा यसको अर्थ, यस समस्याको व्यापकता, कारणहरू, मनोरोगहरूसँगको सम्बन्ध, खतरासूचक लक्षणहरू, यसको उपचार व्यवस्थापन र यसको रोकथाममा हाम्रो भूमिकाबारे चर्चा गरिएको छ ।

आत्महत्या

सचेत अवस्थामा जानीबुझी आफैंबाट आफ्नो ज्यान लिने आशयले गरिएका क्रियाकलापहरूलाई 'आत्महत्याको प्रयास' तथा त्यसबाट ज्यान गएमा 'आत्महत्या' भनेर भनिन्छ । आफ्नो ज्यान नै लिने वा आफूलाई कुनै रूपमा हानि नोक्सानी पुऱ्याउने अवस्थालाई आत्महानि भनेर बुझिन्छ । कतिपय मानिसले वास्तवमा नोक्सान नै पुऱ्याउने अभिष्टले नभई अन्य नियतले पनि आफूलाई आघात पुऱ्याउन सक्छन् । आत्मघाती यस्ता विचार, आशय, आवेग, योजना, प्रयास वा आत्महत्याजस्ता अवस्थाहरू आफैंमा रोग होइनन् तर थरीथरीका मनोरोगहरूका लक्षणका रूपमा व्यक्त भएका हुन्छन् ।

एसियाली तथा केही अन्य मुलुकहरूमा अझै आत्महत्या कानुनी निकायअन्तर्गत दर्ता गरिन्छ । आत्महत्याको प्रयास गर्ने व्यक्तिलाई कानुनी प्रक्रियाको दायरामा पनि राखिन्छ । नेपाली जनमानसमा मनोरोग तथा आत्महत्यासम्बन्धी धेरै भ्रामक, हानिकारक, असत्य र अवैज्ञानिक विचार, धारणा तथा चालचलनहरू व्याप्त छन् । यसलाई सामाजिक वा कानुनी समस्याका रूपमा मात्र हेर्ने पुरानो दृष्टिकोणमा क्रमशः परिवर्तन आएको देखिन्छ । अध्ययनले यसलाई स्वास्थ्य समस्याका रूपमा स्थापित गरिसकेको स्थिति छ । आत्महत्याको पछाडि मानसिक समस्या नै मूल रूपमा उत्तरदायी भेटिएको छ । त्यसैले, युरोपेली तथा प्रायः विकसित देशहरूमा यो समस्यालाई स्वास्थ्य समस्याका रूपमा स्वास्थ्य निकायमा दर्ता गरिन्छ ।

कतिपय मिथ्या धारणाले आत्महत्याको खतरा रहेका व्यक्तिहरूलाई आत्महत्यातिर धकेलिरहेको हुन सक्छ । समाजमा व्याप्त मनोरोग तथा आत्महत्यासम्बन्धी मतहरू केलाएर विज्ञानसम्मत सत्यतथ्य जनतासामु ल्याउन जरुरी देखिन्छ । मनोरोग र आत्महत्यासम्बन्धी जनचेतनालाई उच्च महत्त्वका साथ यो विकराल समस्याको खतरा कम गर्ने उपायका रूपमा प्रस्तुत गरिएको छ । आत्महत्याको खतरा रहेका व्यक्ति तथा तिनका आफन्तहरूलाई त्यस्तो अवस्था समयमै चिन्न र सही उपाय अवलम्बन गर्न प्रेरित गर्ने आशयले यससम्बन्धी जनचेतनाका प्रयासहरू हुन्छन् ।

आत्महत्या समस्याको व्यापकता

संसारमा हरेक ३-४ सेकेन्डमा एक आत्महत्याको प्रयास र ३०-४० सेकेन्डमा एक आत्महत्या हुने आकलन छ । जनसङ्ख्याको लगभग १ प्रतिशतले आत्महत्याद्वारा ज्यान गुमाउँछन् । सङ्ख्याको हिसाबले एक वर्षका युद्ध, द्वन्द्व र हत्याबाट हुने कुल मृत्यु सङ्ख्याभन्दा पनि यो बढी हुने देखिन्छ । समष्टिमा मृत्युका १० प्रमुख कारणहमा र १५ देखि २४ वर्षको उमेर समूहमा ५ प्रमुख कारणमा आत्महत्या रहेको देखिन्छ । गएका दशकहरूमा आत्महत्याको दर १५-२४ वर्षको उमेर समूहमा ज्यादै बढेर गएको देखिन्छ ।

ज्यान गुमाउनेहरूमध्ये झण्डै तीन चौथाइ उत्पादक उमेर (१५-४४ वर्ष) समूहका हुन्छन् । आत्महत्याबाट व्यक्तिको ज्यान जानुका साथै परिवार, आफन्त, समाज र राष्ट्रलाई पर्ने क्षति अपूरणीय देखिन्छ । आत्महत्याको प्रयासले ज्यान लिइनहाले पनि धेरै व्यक्तिहरूमा शारीरिक चोटपटक वा विकलाङ्गता छाड्न सक्छ । सफल हुने एक आत्महत्याको पछाडि झण्डै २०-४० वटा आत्महत्याका प्रयासहरू हुने गर्दछन् र हरेक आत्महत्याको प्रयाससँगसँगै उसको ज्यान जाने सम्भावना बढ्ने गर्छ । अविवाहित, विधवा, विदुर पुरुष, वृद्धवृद्धा र बेरोजगारहरूमा बढी देखिए पनि यो समस्याले समाजका सबै लिङ्ग, उमेर, जात, वर्ग, स्तर, धर्म, सबैलाई सताएको देखिन्छ ।

कारण

निश्चित समूहलाई बढी सताउने तर कसैलाई नछाड्ने आत्महत्याको पछाडि रहेका कारणहरूको खोजी गर्दा अध्ययनले यो एउटा अत्यन्त जटिल प्रक्रिया भएको ठहर गरेको छ । यसमा जैविक, मनोवैज्ञानिक, सामाजिक, सांस्कृतिक एवम् परिस्थितिजन्य तत्त्वहरूको जटिल अन्तरक्रिया हुने देखिन्छ । खतराजन्य तत्त्व बढेर बचाउने तत्त्वहरू कमजोर भएको बेला यसको डर बढ्छ । बितेको व्यक्ति वा घटेको घटना वा कुनै निश्चित पक्षलाई दोष दिनुको सट्टा सही कारणको निरूपण र समाधान गर्नतिर लाग्नु बुद्धिमानी हुनेछ ।

सामाजिक तथा वातावरणीय तत्त्वहरू: आत्महत्यालाई पहिलेदेखि नै मूलतः सामाजिक समस्याका रूपमा व्याख्या गरे पनि पछि आएर अन्य धेरै पक्षहरू देखिएका छन् । सामाजिक विखण्डन, असुरक्षा, अभाव, गरिबी, शोषण, बेरोजगारी, झैझगडा, कलह, आपसी बेमेल, सामाजिक उचनिचको चलन, फितलो नीतिनियम, अनियन्त्रित विष, बन्दुक, हातहतियार तथा खतरनाक स्थानहरूमा पहुँच, अनुपयुक्त देखासिखी वा सामाजिक सहयोग सञ्जालको अभावजस्ता कारणले आत्महत्याको वृद्धिमा मद्दत पुऱ्याइरहेका हुन्छन् ।

मनोवैज्ञानिक तत्त्वहरू

समस्या समाधान गर्ने क्षमता कम भएका, सानोतिनो समस्यामा पनि अरूको बढी भर पर्ने, आत्मविश्वास कम भएका, अरूबाट त्यक्त अनुभव गर्ने, सामाजिक रूपमा आडभरोसा, सहारा कम भएका, जीर्ण रोगका सिकार बिरामीहरू, अति तनावग्रस्त व्यक्ति जो निकट

भविष्यमा कुनै समाधानको आशा देख्दैनन्, निराश हुन्छन्, तिनीहरूमा आत्महत्याको समस्या धेरै गुणा बढी देखिन्छ । झरङ्ग आवेशमा आउने, विषम परिस्थिति व्यहोर्न नसक्ने, सामाजिक रूपमा एक्लो, निराश, बेसहारा, यौन द्वन्द्वग्रस्त, ग्लानि र आफू दलदलमा फसेको सोच्ने वा सोच र स्मरणमा पूर्वाग्रह पीडित मानसिकता भएका मानिसहरूमा आत्मघाती व्यवहार अधिक देखिन्छ ।

जैविक तत्त्वहरू : व्यक्तिको शरीर र मनको स्वास्थ्य तथा आनुवंशिकताको आत्महत्यासँग महत्त्वपूर्ण सम्बन्ध हुने कुरा सिद्ध भइसकेको देखिन्छ ।

उदासीन र अन्य मनोरोगमा आत्महत्या

आत्महत्यामा मानसिक रोगहरूको भूमिका अत्यन्त प्रबल देखिन्छ । आत्महत्याद्वारा ज्यान गुमाउने ९०-९७ प्रतिशत जतिमा आत्महत्याको समयमा मनोरोग भेटिएको छ । तीमध्ये झण्डै ८० प्रतिशतमा उदासीन मनोरोग, १० प्रतिशतमा सिजोफ्रेनिया, ५ प्रतिशतमा Dementia÷ Delirium मूल कारणका रूपमा भेट्टिन्छ । करिब २५-५० प्रतिशतमा नसासेवन भएको देखिन्छ । उदासीन रोगग्रस्त बिरामीहरूमा ४० प्रतिशत जतिले आत्महत्याको प्रयास गर्ने र १५-२० प्रतिशतले आत्महत्याबाट ज्यान गुमाउने गरेको देखिन्छ । सिजोफ्रेनिया, व्यक्तित्वको गम्भीर गडबडी, आत्तिने मनोरोग, छाररोग वा लत लागेका व्यक्तिहरूमा पनि उदासीनताका लक्षण भएपछि आत्महत्याको सम्भावना अरू बढेर जान्छ । यसप्रकार, मनोरोग र आत्महत्याको प्रत्यक्ष सम्बन्ध हुने कुरा अध्ययनहरूमा प्रस्ट भेट्टिन्छ ।

खतरासूचक लक्षणहरू

झण्डै ७०-८० प्रतिशत यस्ता मानिसहरूमा प्रस्ट रूपमा, कुनै न कुनै आत्महत्याका खतरासूचक लक्षणहरू भेट्टिन्छन् । जति धेरै खतरासूचक लक्षणहरू हुन्छन्, हालै जति तनाव, पीर चिन्ताहरू थपिएका हुन्छन् र जति दीर्घकालीन तनावयुक्त र गम्भीर परिस्थिति हुन्छन्, त्यति त्यति खतरा बढ्दै जाने देखिन्छ ।

काम गर्ने, पढ्ने वा समाजका अन्य ठाउँमा अथवा उसको अरूसँगको सम्बन्धमा हालै ठूलै समस्या परेको, घरपरिवारमा वा अरूसँगको अन्तरसम्बन्धमा लामो समयदेखि व्यक्तिले जीवनमा प्रतिकूल परिस्थितिहरू बेहोर्न परेको, व्यवहारगत लक्षणहरू, काम, शरीरको हेरचाह, आफ्नो लक्ष्यप्रति अभिरुचि हराउनु, खतरनाक वा लापरबाही क्रियाकलाप गर्नु, दुर्घटनाप्रति नैराश्यता, आफैंलाई हानि गर्ने वा कुरुप पार्ने खालको व्यवहार देखाउनु, अरूसँगको उसको सम्बन्धमा परिवर्तन- अरुचि, चिडचिडाहाट, चिसोपन वा टाढिनु, उसको मनपर्ने चिज पनि अरूलाई दिन थाल्नु, निराशापूर्ण वा आत्महत्याको चाहनापूर्ण अभिव्यक्तिहरू दिनु, उदासीन मनोरोगका लक्षणहरू देखापर्नु, लामो समयको उदासीनतापछि एक्कासि खुसी हुनु, अन्य मनोरोगका अनौठा लक्षणहरू- मिथ्या आभास वा भ्रम, भोक, तौल, निद्रा तथा यौन चाहनामा गडबडी वा नैराश्यता, व्यक्तित्वको गम्भीर गडबडी, पहिले पनि आत्महत्याको प्रयास गरेको, हालसालै अत्यधिक रक्सी वा अन्य लागूपदार्थको सेवन गर्नु ।

केही मिथ्या धारणाहरू

'घुर्क्याउने वा भन्नेले आत्महत्या गर्दैन ।' वास्तवमा आत्महत्याका अभिव्यक्तिहरू खतरासूचक लक्षण हुन सक्छन्, बेवास्ता गर्नुहुन्न ।

'बिरामीसँग आत्महत्याको बारेमा कुरा गर्दा त्यसको सम्भावना बढ्न सक्छ ।' बिरामीसित तरिका पुऱ्याएर यस्तो कुरा गर्दा यसरी सम्भावना बढेको अध्ययनले देखाएको छैन । बिरामीले कुण्ठा व्यक्त गर्दा राहतको अनुभव गर्दछ, उसलाई मद्दत पुऱ्याउने उपायहरू पहिल्याउन पनि सहयोग पुग्छ ।

'गर्ने ले जसरी पनि गर्ने भएकाले हातहतियार वा खतरनाक स्थानप्रति सजग रहनुको केही अर्थ छैन ।' भन्नेहरू पनि हुन्छन् । तर आत्महत्याको आवेग प्रायः क्षणिक रहने हुनाले यस्तो बेला यस्ता कुरा पहुँचबाट टाढा भएमा सम्भावना टरेर पनि जान सक्छ ।

'एकपटक कम भएको आत्महत्याको सम्भावना सधैँका लागि हट्छ वा व्यक्ति सधैँ नै खतरामा हुन्छ ।' भन्नुभन्दा पनि बेलाबेला आत्महत्याको सम्भावनाको आकलन सम्बन्धित विशेषज्ञबाट गराएर परामर्श गर्नु श्रेयष्कर छ ।

'आत्महत्या समस्याको पीडारहित समाधान ।' यो समाधान नभई असङ्ख्य प्रश्नहरू अनुत्तरित र समस्या नसुल्झिएको अवस्थामै छाड्नु हो ।

'सबै आत्महत्या रोक्न सकिन्छ ।' भन्ने नहोला । धेरै हदसम्म कम गर्न सकिन्छ ।

यदि आत्महत्या गर्ने विचारले आफैंलाई सताएको खण्डमा-

सघाउन सक्ने अनुभवी व्यक्तिहरूसँग सम्पर्क गर्नुहोस् ।
मन शान्त पार्न गर्न सकिने कुराहरूको सूची तयार पार्नुहोस् ।
नसा वा लागूपदार्थको सेवन नगर्नुहोस् ।
आज एक दिन हेर्नुहोस्, पर्खनुहोस् ।
तपाईंलाई सघाउने र चाहने मानिसहरूलाई सम्झनुहोस् ।
मनोरोग र आत्महत्याबारे सही जानकारी राख्नुहोस् ।

यदि कसैलाई आत्महत्याको सम्भावना भएमा निम्न कुरामा ध्यान दिनुपर्छ ।

आत्महत्याको चेतावनीलाई बेवास्ता नगर्नुहोस् ।
उसको कुरा ध्यान दिएर सुन्नुहोस् ।
ऊसँग सीधा र स्पष्ट हुनुहोस्, उपयुक्त ढङ्गले बोल्नुहोस् ।
उसको क्रियाकलापले आश्चर्यचकित भएको भाव जाहेर नगर्नुहोस् ।
उसलाई सघाउन सम्बन्धित सबैको सहयोग जुटाउनुहोस् ।
कसरी आत्महत्या गर्ने योजना गर्दै छ भन्ने बुझ्ने कोसिस गर्नुहोस् ।
आत्महत्या गर्ने बन्दुक, दबाइ, विष, चक्कु, डोरी, लागूपदार्थ, नसाजस्ता कुराहरू हटाउने कोसिस गर्नुहोस् ।

बिरामीलाई आफ्नो समस्या समाधान गर्न र पछि रचनात्मक रहन सकिने वातावरणको सिर्जना गर्नमा सघाउनुपर्छ ।
आफ्नो व्यक्तिगत सुरक्षाको पहिले ख्याल गर्नुहोस् ।
आवश्यक उपचार र फलोअप गर्न बिरामीलाई सघाउनुहोस् ।
बिरामी, परिवारजन, समाज, राज्य, चिकित्सक सम्बन्धित सबैको कोसिसमा यो गम्भीर समस्या कम गर्न सकिनेछ ।

हामीतिरको आवश्यकता

हामीकहाँ मनोरोगको खतरा ज्यादा देख्छु । यसबाट बचाउने बचावटका तत्त्वहरू भने कम देखा पर्छन् । रोग लागिहालेमा उपचार व्यवस्थापनको पूर्वाधार, जनशक्ति, सेवा सुविधा, जन-जागरुकता, सरकारको कार्यनीतिमा प्राथमिकता सबै नाम मात्रका देखिन्छन् । यस्तो अवस्थामा आत्महत्याको समस्या विकराल हुनु स्वाभाविक हो । किनकि मानसिक रोग नै आत्महत्याको प्रमुख र प्रत्यक्ष कारक तत्त्व हो । मानसिक रोगको समयमै पहिचान, निदान र उपयुक्त उपचार गर्नु नै आत्महत्या रोकथामको एक महत्त्वपूर्ण उपाय हो । मनोसामाजिक प्रतिकूलता पनि सँगै गाँजिएर आत्महत्यासँग सम्बन्धित हुन्छन्; तिनको पनि यथोचित सम्बोधन आत्महत्या रोकथामका लागि आवश्यक हुन्छ ।

हामीतिर यसबारे धेरै अज्ञानता व्याप्त छ, यसतिर धकेल्ने तत्त्वहरू बग्रेल्ती छन् तर जागरूकता र प्राथमिकताको कमी छ । अतः मानव जीवन जोगाउने यो अभियानमा जनचेतना, जागरूकता, सकारात्मक सोच, वैज्ञानिक पहुँच र जुझारु पाइलाको विकल्प हुनै सक्दैन । आत्महत्याजस्तो संवेदनशील र उच्च महत्त्वको सूचकमा सकारात्मक सुधारका लागि सबै जिम्मेवार हुनुपर्छ । यसतिर अभिमुख गर्न सेप्टेम्बर १० सहित हरदिन नै दिवस बनाउनु, सोच्नु र त्यसै मर्ममा क्रियाशील रहनुपर्छ ।

आत्महत्या रोकथाम र व्यवस्थापन उपचार

यदि कसैमा आत्महत्याका खतरासूचक लक्षणहरू देखिएका छन्, नसासेवन गर्न थालेको वा त्यसमा हालै वृद्धि भएको छ । हालै ठुलै तनाव परी मनोरोगका विभिन्न लक्षणहरू देखा परेका छन् । निराशा र आत्महानिका र हरेस खाएका अभिव्यक्ति र व्यवहारहरू देखिएका छन् भने ढिला नगर्नुहोस्, यथाशीघ्र कार्यान्वयन (ACT) गर्नुहोस् । उसको समस्या सुनेर गम्भीरताबारे मनन (Acknowledge) गर्नुहोस्, तिनलाई नजरअन्दाज नगरौँ । आत्महानि र हत्यामा प्रयोग हुन सक्ने माध्यम, सामग्री तथा स्थानप्रति सतर्कता अपनाऔँ । खतरामा रहेका व्यक्तिलाई एक्लै नछाडौँ र हेरविचार गर्नुहोस् (care) । व्यक्ति र परिवारले मानसिक समस्या र तनावको समयमै पहिचान, निदान र व्यवस्थापन उपचारका लागि सुसूचित होऔँ (treat) । यथाशीघ्र विशेषज्ञको सेवा/उपचार (Treatment) लिनुहोस् । सम्बन्धित उपचारकर्ता, परामर्शदाता, मनोचिकित्सक वा crisis intervention÷ suicide hotline (११६६) को सम्पर्कमा जानुहोस् ।

आत्महत्याबारे संवादको थालनी गरौँ । आफ्ना पीडा र समस्या शुभचिन्तक र सेवाप्रदायकसँग बाँडौँ । परिवार, साथीभाइ, नातागोताले आफूबाट कसैलाई आत्महत्यातिर धकेल्ने बोली व्यवहार नगरौँ । सके सहयोग गरौँ; मानसिक रोगका लक्षणहरू देखिएमा उपचारका लागि सहायता गरौँ । समाज र राज्य संयन्त्रले यसको गाम्भीर्यता बुझेर यसको जनचेतना र आवश्यक सेवा सुविधाका लागि पहल गरौँ । शिक्षक, पत्रकार र प्रबुद्ध वर्गले यसका लागि आवश्यक पैरवी गरौँ । सबैले मिलेर आवाज यसरी उठाऊँ कि वर्षैभरि ध्वनित भइरहून् । कसैलाई आत्महत्याको सोच, हुटहुटी, विचार आएमा वा यसको कालो छाया मात्र लागेमा पनि सजग भई जीवन रक्षार्थ र स्वास्थ्य पुनः प्राप्तिका लागि उपयुक्त कदम उठाऔँ । हामीकहाँ हामीलाई आत्महत्यातिर धकेल्ने खतराका तत्त्वहरूबारे चिन्तन, मनन र अनुसन्धान गरी तिनको यथोचित सम्बोधन तत्त्व पनि गर्दै जाऔँ ।

आत्महत्या एक बहुआयामिक समस्या हो । सामाजिक, शैक्षिक, स्वास्थ्य, आर्थिक र अरू धेरै कुराहरूसँग सम्बन्धित हुने भएकाले त्यसै अनुसार विकास, शिक्षा, स्वास्थ्य, आर्थिकजस्ता विविध आयामसहितको व्यापक संयन्त्रयुक्त समाज, देश र युगमा विकास र परिवर्तनको अभियानले नै मात्र यसमा पूर्णता हासिल हुनेछ ।

आत्महत्या रोकथाममा एकबद्ध होऔँ

आत्महत्याको समस्यालाई यथार्थपरक ढङ्गले बुझौँ । वैज्ञानिक दृष्टिकोणले सम्बोधन गरौँ । आऔँ, आत्महत्या रोकथामको यो महान् अभियानमा सबैले हातेमालो गरौँ । यसको रोकथाम र व्यवस्थापन सम्भव छ । जागरूक भएर यसको सामना गरौँ । यसका लागि समयमै तनाव व्यवस्थापन तथा मानसिक रोगको निदान र उपचार गरौँ । आहार, विहार, विचार, घरसमाज र वातावरणमा अनुकूलता ल्याई समग्र स्वास्थ्यको प्रवर्द्धन गरौँ र आत्महत्यालाई दूर गरौँ ।

स्कुल, क्लब, सङ्घ-संस्था, समाज, गुठी, समिति, मन्दिर, विहार, चर्च, मस्जिद, उद्योगहरूमार्फत यसबारे आवश्यक जानकारी, ज्ञान प्रसार गर्न यसरी नै सक्रिय रहौँ । यसबारे जानकारी र यससम्बन्धी सामग्री बढीभन्दा बढी मानिसहरू, आफ्ना प्रियजन, आफन्त, नातागोता, साथीभाइ, सहकर्मीहरूसम्म पुऱ्याउन, सेयर गर्न हार्दिक अनुरोध पनि गर्दछु ।

तब्या...

भएको कारण चाँगुनारायणतर्फ बाढी पसी नोक्सान गरेको स्थानीय किसान सागर थुयाजु बताउनुहुन्छ । सोही कारण सोभन्दा पाँच सय मिटर तलसम्म विभिन्न ठाउँमा तब्याखुसीले खेत कटान गरेको हो ।

चित्तपोलबाट ताथली जाने बाटोभन्दा माथिसम्म बाढी आउँदा चाँगुनारायण ९ का अमर पाकुर र बिमल पाकुरको पक्की घरमा आधा तल्लासम्म बाढी छिरेको छ । दुवै घरको छिडीमा रहेका अन्नपात, सरसामान, मोटरसाइकल, स्कुटरलगायतका सामानहरूमा क्षति भएको छ ।

घरभित्र एक फिटसम्म बाढीले बगाएर ल्याएको पाङ्गो माटो थुप्रिएको हुँदा बुधबार बिहान स्थानीय जनता, नगर प्रहरीसमेतको सहयोगमा सफाइ गर्ने कार्य भएको चाँगुनारायण नगरपालिका वडा नं. ९ का वडा अध्यक्ष गणेश त्यातले बताउनुभयो ।

सिमानाको खोलामा कङ्क्रिटको वाल लगाउने दुवै नगरपालिकाको स्वीकृति चाहिनेमा सूर्यविनायक नगरपालिकाको एकलौटी निर्णयले तब्याखुसीमा वाल लगाउँदा किसानको धानबाली नोक्सान भएको छ । दुई घर डुवान हुँदा लाखौँ नोक्सान भयो ।

२०२१ सालको नापीमा एक सय फिटसम्म चौडाइको तब्याखुसी साँघुरिँदा हरेक वर्षझैँ यस वर्ष पनि क्षति भएको स्थानीय बताउँछन् । नापी नक्साअनुसार खोला फराकिलो गर्नुपर्ने जनताको माग छ ।

आस्था...

ख्याल:को मर्मलाई बुझेको बताउँदै प्रजातन्त्र स्थापनापछि व्याप्त भ्रष्टाचार र कमिसनतन्त्रमा सोझा व्यक्ति पनि परिस्थितिले खतरामा रूपान्तरण गर्ने बताउनुभयो ।

प्रस्तुतिपछि रङ्गकर्मी तथा बाल कथाकार टङ्क चौलागाईले प्रस्तुत ख्याल:ले मार्मिक विषयमा दर्शकको प्रतिक्रियालाई समेत मध्यनजर गरी कलाकारहरूले संयमता अपनाएको आभास गर्नुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बसन्त भट्टराईले विभिन्न समयको क्रान्तिले जन्माएको प्रजातन्त्रमा सर्वसाधारण जनताको लागि अहिलेसम्म पनि देखावटीपन रहेको बताउनुभयो ।

हास्यव्यङ्ग्य कलाकार, निर्देशक, कथाकार, उपन्यासकार रामशेखर नकर्मीद्वारा रचित १० ख्याल:हरूमध्ये बुधबारसम्ममा पाँचवटा ख्याल: प्रदर्शन भइसकेका छन् ।

रामशेखरया ख्याल: ब्वज्याको पाँचौँ दिन साउन १३ गते नेपाली नेपाली भाषामा प्रस्तुत गरिएको तन्त्र टाब्लेट नामक ख्याल: सातौँ दिन साउन १५ गते शुक्रबार श्रमिक साकोसले नेपालभाषामा प्रदर्शन गर्नेछ । आज छैटौँ दिन प्रभात माविको 'खुँ' नामक ख्याल प्रदर्शन हुनेछ ।

कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप - ७०

स्थलगत अनुगमनको क्रममा सङ्कलित विवरण

मोरङ

२०८२।०८।०७ गते मोरङ जिल्लामा क्षति भएका संरचनाहरूको स्थलगत निरीक्षणपछि सरोकारवालासँग गरिएको अन्तरक्रियाबाट प्राप्त राय:

उद्योग सङ्गठन, वरिष्ठ उपाध्यक्ष भोलेश्वर दुलाल:

Nepali Rika hotel चलेको २ वर्षमै क्षति भयो । हाम्रो नेपाली समाजमा यस्तो हुन्छ भन्ने कहिल्यै सोचेनौँ । पहिचान गरेका अपराधीहरू ३०० जना जति छन् । होटलमा विदेशी पाहुना १५ जना थिए । उहाँहरूलाई झ्यालबाट सिँढी लगाएर उद्धार (Rescue) गर्‍यौँ । उहाँहरूमा हाम्रो देशप्रति कस्तो धारणा रह्यो होला ? हामी व्यवसायी हौँ । सबै सरकारी निकाय दुर्वल अवस्थामा छन् । हाम्रो सुरक्षा कसले गर्ने ?

सुन्दर हरैचा नगर प्रमुख

निजी, सार्वजनिक र औद्योगिक सम्पत्ति सबै ध्वस्त भए । आयोगको काम कसरी हुन्छ ? पीडितले न्याय पाउने र पीडकले सजाय पाउने अवस्थामा हुन्छ कि हुँदैन विश्वस्त पार्नुपर्‍यो । हामी एउटा हाफ पेन्टमा, कट्टुमा हिँड्नुपरेको छ । हामी पनि हातमा दही जमाएर बस्दैनौँ । हामीले राज्य भएको अनुभूति गरेका छैनौँ । हामीले खरानीको बिचमा वसेर नियमित सेवा दिइरहेका छौँ । गृहमन्त्री, प्रधानमन्त्रीको अभिव्यक्ति आपत्तिजनक छ । हाम्रा कार्यालयहरूको मर्मत र कम्प्युटरलगायत खरिद गर्न सरकारले तत्काल सहयोग गर्नुपर्छ । ८ करोडभन्दा बढी क्षति भएको छ । मेरो घरमा मात्रै २५/३० लाखको क्षति भएको छ ।

कारीबहादुर बस्नेत वडा नं. १ को वडा अध्यक्ष

मेरो घरमा २४ गते ४:३० बजे आगजनी गरेको प्रमाणसहित प्रहरीमा निवेदन दिए पनि कारबाही भएको छैन । आयोगबाट हामीलाई अल्मलाउन आउनुभएको हो कि ? भन्ने शङ्का छ । दोषी खुलेआम हिँडिरहेका छन् । ६०/६५ वर्ष माथिको मान्छेले इशारा दिएर युवाहरूले आगो लगाए । प्रशासनले कारबाही नगरे हामी कहाँ जाने ?

ज.स.पा. अध्यक्ष:

गुण्डाहरूले आगजनी र लुटपाट गरे । भाटभटेनी हाम्रो सान थियो, सबै जलाए अपराधीहरूले । घटना घटाउने व्यक्तिहरूको पहिचान गरी कारबाही गर्नुपर्छ ।

सागर थापा नेकपा एमाले अध्यक्ष

एमालेको पार्टी कार्यालयमा ५० लाखभन्दा बढी क्षति भएको छ । सक्कली जेनजीले वीरेन्द्र सभागृह बचाए । जेनजीको नाममा विध्वंश गर्नेहरूलाई कारबाही गर्नुपर्छ । हिजो हामी जेनजीको आन्दोलनप्रति समर्थनमा थियौँ । सरकारले संयमता नअपनाए विस्फोट हुन्छ । सार्थक रूपमा आयोग लागोस् ।

भक्तिनाथ माझी नेपाली काङ्ग्रेस का. वा. सभापति

२४ घण्टाको परिवर्तन साँच्चिकै अकल्पनीय रह्यो । मोरङ जिल्लालाई अशान्त हुन नदिन क्रियाशील थियौँ । आयोगको उद्देश्य के हो ? आन्दोलनकारीलाई कारबाही कसरी हुन्छ ? जेनजी आन्दोलनको नाममा कारबाही नगर्नू भन्ने हो यो सरकारले ? आयोगले निष्पक्ष ढङ्गले काम गर्नुपर्छ । कोइराला निवास कहाँ छ भनी सोध्दै आगजनी भएको छ । सरकारको स्वार्थपूर्ति गर्ने हो भने आयोगको कुनै काम छैन । अध्यक्षको भनाइले यो आयोगको विश्वसनीयता देखिँदैन । पार्टी कार्यालयमा ७० लाख र कोइराला निवासमा २ करोडभन्दा बढी क्षति भएको छ । राज्यको दायित्व खोइ ? सेवा प्रवाह गर्ने कार्यालयहरूलाई तुरुन्त साधन उपलब्ध गराउनुपर्‍यो ।

पवन सारडा

भदौ २३ गते २ बजेपछि टायर बाल्न थाले । केही जेनजी पनि थिए तर लुटपाटमा अन्य तत्त्व थिए । हाम्रो भौतिक र मानसिक रूपमा ठुलो क्षति भएको छ । व्यापार व्यवसाय चलेको छैन, बैङ्कको ऋण-ब्याज तिर्नुपर्नेछ । सरकारले युवाहरूको आवाज सम्बोधन गर्न सक्ने हुनुपर्छ । हामी आगामी दिनमा कसरी विश्वस्त हुने ? आगजनी र अपराधमा लाग्नेलाई कारबाही हुनै पर्छ ।

नागेश कोइराला मेयर विराटनगर

जियनजेडको नाममा बाहिरका मान्छेको घुसपैठबाट आगजनी र लुटपाट भयो । पार्टी कार्यालय ध्वस्त भयो भने करिब ७० लाखको क्षति भयो । महानगरपालिका भवनसमेत ध्वस्त भयो । आयोगमाथि प्रश्न चिह्न खडा भएको छ । यस्तो परिस्थिति आउँछ भन्ने थाहा भए हामी सङ्गठित हुन्थ्यौँ ।

किशोर पाण्डे माओवादी केन्द्र

अध्यक्षले सामाजिक सञ्जालमा व्यक्त गरेका घटनाले आयोगप्रति प्रश्न चिह्न खडा भयो । २०४६ सालदेखि दल र कर्मचारीको शासनको दम्भ र आदेशले यो अवस्था आयो । आन्दोलनमा Vested Interest सहित परिचालित भयो । सामाजिक अवस्था चित्रण होस् प्रतिवेदनमा । नियोजित र घुसपैठका कुरा स्पष्ट हुनुपर्छ । दोषीलाई कारबाहीको दायरामा ल्याउनुपर्छ ।

कृष्ण निरौला, रा.स्व.पा

भदौ २३ गते स्कूल ड्रेसका १९ जना बच्चाहरूको मृत्यु हुने कसैले अनुमान गरेका थिएनन् । घटनाको सम्बन्धमा मैले खेद प्रकट गरेको छु । रास्वपा सदस्य तथा कार्यकर्तालाई पनि अपराधमा संलग्न भएको भए कारबाही गर्नुपर्छ । व्यक्तिगत घर, सम्पत्ति, तोडफोड, आगजनी, लुटपाट गर्ने सबैलाई कानुनी दायरामा ल्याउनुपर्छ ।

ने.क.पा.एस. चन्द्रविर राई

अप्रिय असामयिक घटना घटेको छ । जेन्जीले उठाएका मुद्दा जायज नै छन् । भोलिपल्टको जिम्मेवारी जेन्जीले पनि लिनुपर्छ । राजनैतिक पार्टी एकदम संवेदनशील हुनुपर्छ ।

आन्तरिक राजस्व कार्यालय शिव उप्रेती

२४ गते २००/३०० जना समूह आए । हाम्रै सम्पत्ति हो, तोडफोड नगरौँ भन्दा मानेनन् । घर ३ वटा ध्वस्त भए । सरकारी मुचुल्का मूल्याङ्कन भइरहेको छ । सरकारी कर्मचारीलाई हटाउने, कठालो समाउने काम भयो । कर्मचारी निरुत्साहित छन् ।

कोलेनिका प्रमुख, मोरङ

भदौ २३ र २४ गतेको आन्दोलनमा हाम्रा भवन सबै क्षति भए । क्षति मूल्याङ्कन समितिले तयार गरेको क्षतिको विवरण सिडिओ अफिसमा Detail छ । सबै आएपछि मिन्हा समितिको बैठक बस्छ । यो समितिले मिन्हा दिँदैन तर मिन्हाको लागि सिफारिस गर्छ ।

मालपोत प्रमुख

मालपोत कार्यालयमा क्षति भएको छ । २६ गतेबाट कार्यालय सञ्चालन भयो । अभिलेख (तामेली व्यवस्थापन) मा क्षति भएको छ । १९७९ देखि २०३० सम्मका सबै प्रमाण खरानी भए । दर्ता किताब कुनै पनि बाँकी रहेनन् । भूमिसुधार कार्यालयको सबै कागजात क्षति भएको छ ।

समग्रमा जिल्लाहरूको शान्ति सुरक्षाको स्थिति अत्यन्त तरल अवस्थामा रहेको पाइयो । सुरक्षा निकाय खास गरी प्रहरीको मनोबल अति कमजोर भएको छ । साथै आयोग देशलाई निकास दिने औजार बनोस्, प्रतिसोधको हतियार नबनोस् भन्ने भावनासमेत पाइयो ।

देशको...

- सुनसरीमा हिन्दू र मुस्लिम समुदायबिच सुरु भएको तनाव उग्र बन्दै देशका विभिन्न जिल्लामा पनि फैलियो । वर्गीय समाजमा शोषकवर्गले साम्प्रदायिकता फैलाउने काम गरिरहेको हुन्छ । सरकार आफै शोषकवर्गको पक्षमा र साम्प्रदायिकताको पक्षमा लागेका उदाहरण संसारमा धेरै छन् ।
- माइतीघर मण्डलामा अहिले लघुवित्त, सहकारी पीडित, डायलाइसिस खर्चको माग गर्ने लगायत १७ समूह आन्दोलित छन् । बहुदलीय व्यवस्थाको ३५ वर्षयताका सरकारहरूले देश र जनताको नि:स्वार्थ सेवा गरेको भए जनताले माइतीघरमा आन्दोलन गर्नुपर्ने थिएन ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगको हिरासत घुससहित पक्राउ परेका कर्मचारी, सवारीचालकदेखि भेटेरिनरी चिकित्सकसमेतले भरिएको समाचार प्रकाशित भयो । सरकारी कोषबाट पारिश्रामिक लिने उच्चपदस्थहरू आ-आफ्नो जिल्लामा बसोबास गरी देशको सन्तुलित विकास नगरेसम्म भ्रष्टाचार नियन्त्रणहुने छैन ।

ॐ हार्दिक समवेदना ॐ

जन्म
२०२४/१०/१९

स्वर्गारोहण
२०८३/०४/०८

यस खवप ०६५ ग्रुपका आत्मीय मित्र कृष्णसुन्दर कुम्पाखका पूजनीय पिता **कृष्णगोपाल कुम्पाख**को असामयिक निधन भएको आज सातौँ दिन (न्हेनुमा)को पुण्यतिथिमा गहिरो दु:ख व्यक्त गर्नुका साथै दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

साथीहरू

अमित दुमरु	जयराम प्रजापति	राज प्रजापति
राजन दुवाल	रामगोपाल प्याथ	रमेश सुवाल
रञ्जन प्रजापति	रोशन किसी	रुजेन्द्र प्रजापति
सञ्जय कासुला	श्रृजन प्रजापति	सुजन शाक्य
सुमन दुवाल	सुमन जाकिबन्जार	सुनिल सुजखु
सुरेश श्रेष्ठ	कविन दुवाल	

ख्वप ०६५ ग्रुप
भक्तपुर

ॐ हार्दिक समवेदना ॐ

जन्म
२०२८/०९/१४

स्वर्गारोहण
२०८३/०४/०८

लक्ष्मी प्रजापति

हाम्रो संस्थाका कर्मचारी संगिता प्रजापतिकी ममतामयी माता **लक्ष्मी प्रजापति**को असामयिक निधन भएको खबरले हामी सबैलाई स्तब्ध बनाएको छ । यस दु:खद घडीमा दिवङ्गत आत्माको चिर शान्तिको लागि भावपूर्ण श्रद्धा-सुमन अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्न सक्ने शक्ति प्राप्त होस् भनी हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

अभियान साकोस
व्यवस्थापन तथा कर्मचारी परिवार

इलेक्ट्रिक चुरोट (भेप) को प्रयोग नगरौं

- इलेक्ट्रिक चुरोट सुरक्षित विकल्प हो भन्ने भ्रमबाट बचौं,
- निकोटिनयुक्त पदार्थले स्वास्थ्यमा पार्ने असरबारे सचेत बनौं,
- बालबालिका तथा युवालाई इलेक्ट्रिक चुरोटको आकर्षणबाट जोगाऔं,
- धूम्रपान तथा निकोटिनजन्य पदार्थको प्रयोगबाट टाढा रहौं,
- इलेक्ट्रिक चुरोटको प्रयोग र लतबाट बचौं,
- परिवार र समाजमा धूम्रपानमुक्त वातावरण निर्माण गरौं।

स्वस्थ जीवनशैली र सकारात्मक बानीको विकास गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

हार्दिक समवेदना

जन्म : २०२८/०९/१४
निधन: २०८३/०४/०८

यस संस्थाका सदस्यता नं १८३ का सदस्य **लक्ष्मी प्रजापति**को असामयिक निधन भएको आज सातौँ दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दु:खद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी हार्दिक समवेदना व्यक्त गर्दछ ।

बेखाल बचत तथा ऋण सहकारी संस्था लि.
बेखाल-१०, भक्तपुर

हार्दिक समवेदना

जन्म
१९९९/०९/१३

स्वर्गारोहण
२०८३/०४/०३

यस नगर समितिका सदस्य के.बी. पञ्च र वडा नं. ७, पार्टी समितिका अध्यक्ष सूर्यबहादुर पञ्चकी ममतामयी आमा **नानीमाया पञ्च**को असामयिक निधन भएको बाह्रौँ दिनको पुण्यतिथिमा गहिरो दु:खमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

नेपाल मजदुर किसान पार्टी
सूर्यविनायक नगर समिति, भक्तपुर

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: चक्रबहादुर चाकतु ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा